श्रमिकको हितप्रति मन्त्रालय प्रतिबद्ध छ : श्रम मन्त्री | पृष्ठ ३ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com
वर्ष २५ •अंक २२५ • २०८० साल पुस २७ गते शुक्रबार (12 January, Friday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## श्रेष्ठको नागरिकता छानबिन गर्ने समिति गठन

### नागरिकता दिने प्रशासकिय अधिकृत झिकाइने, मेयरसित पनि वयान लिने



**अनिल तिवारी**

वीरगञ्ज । नागरिकता किर्ते प्रकरणमा जिल्ला प्रशासन कार्यालय पर्साले छानबिन समिति गठन गरेको छ ।वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंह माथि छानबिन गर्न समिति गठन गरिएको हो ।

नागरिकता किर्ते प्रकरण छानबिन गर्न सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्सालको नेतृत्वमा ३ सदस्यीय समिति गठन गरिएको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ ।

नागरिकता किर्ते प्रकरणमा ५ दिन भित्रमा अनुसन्धान प्रतिवेदन पेश गर्न निर्देशन दिइएको प्रमुख जिल्ला अधिकारी भुषालले बताए । रुबिना श्रेष्ठको नागरिकता सम्बन्धि हराएको प्रमाणको फाइल खोजीगरि जांचबुझ अगाडि बढाइसकेको जनाइएको छ ।

जिल्ला प्रशासन कार्यालय पर्साका अनुसार समितिले नागरिकता जारी गर्ने तत्कालीन प्रशासकीय अधिकृत षड्कुमार पोखरेललाई बयानका लागी बोलाइएको छ । तत्कालीन प्रशासकीय अधिकृत पोखरेलले राजेशमान सिंहलाई बाबुका रुपमा सनाखत गराएर नागरिकता बितरण गरेको अनुसूची फारम अहिलेसम्म फेला परेको छैन ।

'आमा बाबुको विवरण खुलाइएको फारम अझै भेटिएको छैन, जन्मदर्ता समेत रेकर्डबाट हटाइएको देखियो,' भुषालले भने ,'आन्तरिक अनुसन्धान सकिएपछि मेयर सिंहलाई मात्र बयानका लागि बोलाइने छ ।' मेयर सिंहले भने नागरिकता प्रकरणमा जवाफ दिन वा संचार माध्यमहरुसंग कुरा गर्न आनाकानी गर्दै आएका छन् ।

नागरिकताको सनाखत गर्ने व्यक्तिको नाम राजेशमान सिंहसहित उनको नागरिकता नम्बर ३४१६०३८..१७ उल्लेख छ ।बुवाको प्रमाणको रुपमा सिहकै नागरिकताको प्रतिलिपि पेश गरिएको छ । नागरिकतामा बाबुको नाम लेखिए पनि आमाको नाम भने उल्लेख गरिएको छैन ।

नागरिकता प्रकरणमा विभिन्न दलहरुको बिरोध पछि गृहप्रशासन माथि दबाव बढदै गएको छ ।बुधबार नगर प्रमुखले किर्ते गरेको प्रकरणको छानबिनको मांग गर्दै वीरगन्जमा जुलुस प्रदर्शन भएको थियो । जुलुस पछि महानगरका मेयर राजेशमान सिंहविरुद्ध थप १५ जना स्थानिय नेताहरुले संयुक्त रुपमा जाहेरी दर्ता गराएका छन् । नक्कली बाबु बनेर नागरिकता दिएको प्रकरणमा उनीविरुद्ध सामूहिक उजुरी परेको छ ।

सिंहविरुद्ध जिल्ला प्रशासन कार्यालय पर्सामा १६ जनाले उजुरी दिएका छन् । सिंहले जन्म दर्ता लगायत सम्पूर्ण कागजपत्रहरू झुटो बनाएर २०७५ साल साउन १३ गते रुविना श्रेष्ठलाई वंशजको आधारमा नागरिकता दिलाएको आरोप छ ।

जाहेरी दर्ता गराउनेहरुमा जसपाका स्थानीय नेता मनोज राउत कुर्मी, जनमत पार्टीका केन्द्रिय सदस्य तथा जिल्ला सह इन्चार्ज मुकेश द्विवेदी, जल्ला अध्यक्ष ओमप्रकाश सरार्फ, नेपाली कांग्रेसका नगर सदस्य सुलतान अन्सारी, नेकपा एमालेका मधेश प्रदेश सदस्य ल्याकत अली, राष्ट्रिय स्वतन्त्र पार्टीका नेता राजेश पटेल र राप्रपाका नेता जलेश्वर सर्राफ लगायत रहेका छन । ।

> नागरिकता किर्ते प्रकरणमा ५ दिन भित्रमा अनुसन्धान प्रतिवेदन पेश गर्न निर्देशन दिइएको प्रमुख जिल्ला अधिकारी भुषालले बताए । रुबिना श्रेष्ठको नागरिकता सम्बन्धि हराएको प्रमाणको फाइल खोजीगरि जांचबुझ अगाडि बढाइसकेको जनाइएको छ ।

वीरगंजका सचेत नागरिकको तर्फबाट विभिन्न पार्टीका प्रतिनिधि र स्थानीयहरुले जिल्ला प्रशासन कार्यालय पर्सामा जाहेरी दिएका हुन् ।

वीरगंजका सचेत नागरिक अगुवाहरुको समुहले बुधबार मेयरविरुद्ध वीरगंज महानगरका विभिन्न स्थानहरुमा प्रदर्शन गर्दै जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गराएका थिए ।

जाहेरीमा नक्कली बाबु बनेर नागरिकता दिलाएका वीरगंज महागरपालिकाका वडा नम्बर ३ का ५३ वर्षिय मेयर राजेशमान सिंह र नागरिकता जारी गराएकी वर्ष २१ की युवतीलाई बिपक्षी बनाइएको छ ।

'नक्कली' बाबु बनेर झुटो विवरण पेस गर्दै एक किशोरीलाई वंशजको नागरिकता दिलाएको विषयमा वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहविरुद्ध

किर्ते नागरिकता बनाएकी श्रेष्ठ राहदानी बनाएर विदेश उडिसकेकी छन् ।मेयर सिंहले श्रेष्ठको पिताको रुपमा नागरिकतामा सनाखत गरेपनि उनकी पत्नीले भने आफूहरुको एकमात्र सन्तान रहेको सार्वजनिक रुपमा बताउदै आएकी छन् ।

यस अघि मेयर बिरुद्ध नेपाली कांग्रेस पर्साका क्षेत्र नम्बर २ का सभापति सहाबुद्दिनले जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गराएका थिए ।

मेयर सिंहले श्रेष्ठको पिता नागरिकतामा रहेपनि अन्य कुनैपनि सरकारी कागजातमा उनको नाम उल्लेख गरेका छैनन् ।

## बम्जनलाई जेलमा राखेर कारवाही गर्ने आदेश

**टुडे समाचारदाता**

मलंगवा । अनुयायी बेपत्ता पारेको अभियोग लागेका रामबहादुर बम्जनलाई जिल्ला अदालत सर्लाहीले पूर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको छ ।

बम्जनलाई प्रहरीले बिहिवार जिल्ला अदालत, सर्लाहीमा उपस्थित गराएको थियो । नाबालिकलाई बलात्कार तथा आफ्नै अनुयायीलाई बेपता पारेको अभियोग लागेका बमजनलाई बुधवार काठमाण्डुबाट पकाउगरि जिल्ला अदालत सर्लाहीमा ल्याएका थिए ।

न्यायाधीश विष्णुप्रसाद रेग्मीको इजलासमा बम्जनलाई पुर्पक्षका लागी थुनामा पठाउने वा तारेखमा छाड्ने वहसपछि पूर्पक्षका लागि थुनामा पठाउने आदेश भएको हो ।

बम्जनले आफ्नै आश्रममा बस्ने आनीलाई बलात्कार गरेको आरोप छ । बलात्कृत भएपछि २०७५ मा आनीले आश्रम छाडेर बम्जन बिरुद्ध प्रहरीमा उजुरी गरेकी थिईन । २०७६ माघमा सर्लाही प्रहरीले आनीलाई बाल यौन दुर्व्यवहार गरेको मुद्दा दर्ता गरेर बम्जनबारे अनुसन्धान थालेको जिल्ला अदालतका श्रेस्तेदार सुदन अधिकारीले बताएका छन् । सर्लाही कारागारमा राख्ने ठाउँ नभएपछि बम्जनलाई महोत्तरी पठाइएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रमुख एसपी प्रविण धितालले बताए।






# सामुदायिक तथा संस्थागत विद्यालयमा जाडो बिदा




**टुडे समाचारदाता**

जनकपुरधाम । जाडो बढेको भन्दै जनकपुरधाम उपमहानगरपालिकाले डेढ सातासम्मको लागि सार्वजनिक बिदाको घोषणा गरेको छ ।

जनकपुरधाम उपमहानगर अन्तर्गत पर्ने सामुदायिक तथा संस्थागत विद्यालयहरुमा पुस २९ गतेदेखि दश दिनसम्मका लागि सार्वजनिक बिदा दिएको छ ।

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुमनकुमार कार्कीले एक विज्ञप्ति जारी गर्दै सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा पुस २९ गतेदेखि माघ ९ गतेसम्मका लागि वर्षे बिदाबाट कट्टा हुने गरी जाडो बिदा दिएको जनाएका छन् ।

कतिपय संस्थागत विद्यालयले भने तेस्रो पटकको परीक्षा लिई बिदा दिएको छ भने सबैला नगरपालिकाले माघ २ गतेसम्मका लागि सामुदायिक तथा संस्थागत विद्यालयमा बिदा दिएको छ ।

# यातायात कार्यालय कलैयाद्वारा १४ दिनमा ७ लाख बढि राजस्व संकलन

**सिकेन्द्र पासवान**

बारा । यातायात कार्यालय बाराले सवारी सम्बन्धी सम्पुर्ण सेवा बापत अहिले सम्म ७ लाख ३२ हजार २ सय ५० रुपैया राजस्व संकलन गरेको कार्यालयले जनाएको छ ।

लाईसेन्स नबिकरण बापत ७८ हजार ५ सय ब्लुबुकको नबिकरण बापत ६ लाख ५३ हजार ७ सय ५० रुपैया राजस्व संकलनगरिएको कार्यालय प्रमुख महम्मद नवाज हुसेनले जानकारी दिए । २७ जना लाईसेन्स नविकरण, १ सय २१ जनाको ब्लुबुक नबिकरण गरिएको हो ।

उनका अनुसार पुस ११ गते देखि पुस २५ गते सम्ममा सो बराबरको राजस्व संकलन गरिएको छ । बारामा यातायात कार्यालयको विधिवत उदघाटन मंसिर २५ गते भएको थियो ।

दर्ता भएको सवारी नामसारी, प्रतिलिपी, अन्यजाचपास, प्राविधिक जाच, रुट परमीट, पटके सेवालाईसेन्स नबिकरण, भेरिफिकेशन गर्नेकामभईरहेको प्रमुख हुसेनले भने । आफनो ट्रेनिङ सेन्टर




नभएपनि बैकल्पिक व्यवस्था गरेर भएपनि १ महिनापछि यहीबाट नयाँ लाईसेन्सकालागि फर्म आह्वान गरि बनाउने प्रक्रिया शुरु गर्ने कार्यालय प्रमुख हुसेनले जानकारी दिए । दैनिक जसो २० देखि २५ जना सम्म सेवाग्राहीहरु आउने गरेको बताउदै यहाँबाट प्रदान गर्ने सेवा छिटो छरितो प्रदान गर्ने गरेको प्रमुख हुसेनले बताए । आदर्श कोतवाल गाँउपालिका वडा नम्बर १ बाट लाईसेन्सको रिनु गर्नका आएको रामाकान्त साहले ५ मिनेटमा सहज, सुलभ रुपमा काम भएकामा खुसी ब्यक्तगर्दै कार्यालयका प्रमुख सहित कर्मचारीहरुलाई धन्यवाद समेत दिएका थिए ।

बिरगंजमा बिना बिचौलियाको कामपनि नहुने, समय लाग्ने, पैसापनि लाग्ने गरेकोमा कलैयामा धेरै सहज रुपमा काम हुनु जिल्ला बासीहरुकालागि निकै फाईदाजनक भएको साहको प्रतिक्रिया रहेको थियो ।

दैनिक लक्ष्य १ देखि २ लाख सम्म राजस्व संकलन गर्ने भएपनि सो लक्ष्य प्राप्ती हालको लागि नभएपनि अबको ३/४ महिना भित्रमा दैनिक १५ देखि २० लाख सम्म राजस्व संकलन हुनेमा आफु आशावादी रहेको कार्यालय प्रमुख हुसेनले बताए । १२ जनाको दरबन्दी रहेको यतायात कार्यालय कलैयामा प्रमुख , कार्यालय सहयोगी सहित ६ जना रहेको उनले जानकारी गराए ।

# रोग किरा व्यस्थापन सम्बन्धी कृषकलाई स्थलगत तालिम

**टुडे समाचारदाता**

जनकपुरधाम । उन्नत तरकारी खेती प्रविधि, बालीमा कलमी र रोग किरा व्यवस्थापन सम्बन्धी कृषकहरुलाई स्थलगत तालिम दिईएको छ ।

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यालय धनुषाद्वारा महोत्तरीको बर्दिवास नगरपालिकाका किसानहरुलाई सो तालिम दिएको हो । उष्ण प्रदेशिय बागवानी नर्ससी विकास केन्द्र जनकपुरधामका वरिष्ठ वागवानी विज्ञले कृषकहरुलाई तरकारी खेतमै लगेर तरकारीको खेती सम्बन्धि प्रविधि, बालिमा कलमी तथा तरकारी बालीमा लाग्ने रोग किराको व्यवस्थापन कसरी गर्ने विषयमा जानकारी गराएका थिए ।

त्यसैगरि, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यालय धनुषाका कृषि अधिकृत काशीले महतोले व्यवसायी तरकारी खेतीको विषयमा किसानहरुलाई प्रकाश पारेका थिए । तालिममा तरकारी जोन संचालन समन्वय समितिका पुर्व अध्यक्षसहितका किसानहरुको उल्लेखनिय सहभागिता रहेको थियो ।

# निगम ५४ औ वर्षमा

**टुडे समाचारदाता**

काठमाण्डु । मुलुकमा पेट्रोलियम पदार्थको आयात, भण्डारण र वितरणको एकाधिकार पाएको नेपाल आयल निगम वहिबारदेखि ५४औँ वर्षमा प्रवेश गरेको छ ।

करिब डेढ दशकदेखि डिजेल, पेट्रोल र मट्टितेलको आयात, भण्डारण र बिक्री निजी क्षेत्रलाई खुला गरिएको भए पनि एलपी ग्यासको कारोबारबाहेक अन्य पेट्रोलियम पदार्थको कारोबारमा निजी क्षेत्रको सहभागिता हुनसकेको छैन । निगमले विराटनगर, भद्रपुर, अमलेखगञ्ज, वीरगञ्ज, जनकपुरधाम, थानकोट, मन्थली, भैरहवा, नेपालगञ्ज, पोखरा, दाङ, सुर्खेत, दिपायल र धनगढीबाट पेट्रोलियम पदार्थको कारोबार गरिरहेको छ ।

निगम केन्द्रीय कार्यालय टेकुमा विहीबार आयोजित कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले सरोकारवालासँगको छलफलका आधारमा निगमलाई थप सुदृढ बनाएर लगिने घोषणा गरे । निगमले आफ्नो सेवालाई चुस्त बनाउँदै लैजानुपर्नेमा जोड दिँदै उनले भण्डारण क्षमता विस्तारमा ध्यान दिन आग्रह गरे ।

निगम सञ्चालक समितिका अध्यक्ष एवं आपूर्तिसचिव नारायणप्रसाद शर्मा दुवाडीले निगमलाई सबल र सक्षम संस्थाका रूपमा विकास गर्न विभिन्न चुनौती रहेको औँल्याउँदै दायित्वमुक्त हुँदैमा वित्तीय अवस्था सुदृढ छ भनेर ढुक्क हुन नहुनेमा सचेत गराए । उनले व्यावसायिक छवि उकास्न तथा नागरिकप्रतिको दायित्व पूरा गर्न नीतिगत सुधार आवश्यक रहेको बताए ।

नेपाल पेट्रोलियम डिलर्स एशोसिएसनका अध्यक्ष



लिलेन्द्रप्रसाद प्रधान, नेपाल एलपी ग्यास उद्योग सङ्घका अध्यक्ष शिवप्रसाद घिमिरे र नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासङ्घका अध्यक्ष मनोजकुमार दासले निजी क्षेत्रलाई पनि सँगसँगै लिएर अघि बढ्न सुझाव दिए ।

त्यस अवसरमा मन्त्री रिजालले उत्कृष्ट कर्मचारीलाई पुरस्कार प्रदान गर्नुका साथै निगमको ५४औँ वार्षिकोत्सवका अवसरमा प्रकाशित मुखपत्र ‘प्रभात’को विमोचन गरे । वार्षिकोत्सवकाअवसरमाआयोजित विभिन्न खेलकुद प्रतियोगिताका विजयीलाई पुरस्कार, प्रमाणपत्र तथा पदक प्रदान गरिएको थियो ।

निगमले मुलुकका विभिन्न स्थानमा ७९ हजार नौ सय ९० किलोलिटर क्षमताका भण्डारण ट्याङ्करमा आयातित इन्धन भण्डारण गरी बिक्री वितरणको व्यवस्था मिलाइरहेको छ । निगमसँग १३ हजार छ सय ६२ किलोलिटर पेट्रोल, ४५ हजार आठ सय ४८ किलोलिटर डिजल, दुई हजार छ सय ९५ मट्टितेल र आठ हजार आठ सय १५ किलोलिटर हवाई इन्धन भण्डारण क्षमता छ ।

सरकारी स्वामित्वको निगमसँग १३ दिनको माग धान्न सक्ने भण्डारण क्षमता छ । निगमले इन्डियन आयल कर्पोरेसनबाट वार्षिक करिब रु ३० लाख किलोलिटर पेट्रोलियम पदार्थको आयात गर्ने गरेको छ । निगमले आव २०७९/८० मा करिब रु १६ अर्ब नाफा गरेको निमित्त कार्यकारी निर्देशक नागेन्द्र साहले जानकारी दिए । पेट्रोलियम पदार्थको मूल्यमा भएको अत्यधिक वृद्धिले आव २०७८/७९ मा निगमले रु ४९ अर्ब नोक्सानी व्यहोरेको थियो । आव २०७९/८० को अन्त्यमा निगमको सञ्चित नोक्सानी रु चार अर्ब ९४ करोड रहेको उनको भनाइ छ ।

अन्तरराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घट्नु तथा मितव्ययी कदमले वित्तीय अवस्थामा सुधार भई निगम दायित्वमुक्त भएको निमित्त कार्यकारी निर्देशक साहले बताए । “निगम सम्पूर्णरूपमा दायित्वमुक्त भएको छ, वित्तीय अवस्था सुदृढ बनेको छ, हाल सम्पूर्ण ऋणमुक्त भएको छ”, उनले भने । गुणस्तरीय पेट्रोलियम पदार्थ सर्वसुलभ मूल्यमा उपलब्ध गराउन निगम क्रियाशील रहेको उनले बताएका छन् ।

कुल अधिकृत पुँजी रु ३० अर्ब र चुक्ता पुँजी रु ११ अर्ब रहेको निगममा नेपाल सरकारको ९८ दशमलव ३८ प्रतिशत सेयर रहेको छ । निगमले गत आव २०७९/८० मा करिब रु तीन खर्ब ८३ अर्बको कारोबारमार्फत सरकारलाई रु एक खर्ब १५ अर्ब राजस्व भुक्तानी गरी मुलुकको अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्याएको छ ।

# शितलहरले सिरहाको जनजीवन थप कष्टकर बन्दै

**टुडे समाचारदाता**

सिरहा । सिरहा लगातार एकसातदेखि चलेको शितलहरका कारण सिरहालगाएत तराइको जनवीवन प्रभावित भएको छ । चिसोका कारण जिल्लाका सम्पूर्ण सामुदायिक विद्यालयरु बन्द रहेका छन्। चिसोले गर्दा हाट बजार, सार्वजानिक स्थलहरुमा चहलपहल निकै कम भएको छ । जाडोबाट जनजीवन कष्टकर बन्दै गएपछि गोलबजार नगरपालिकाले अझै वितरण गरिने नगर प्रमुख श्रेष्ठले बताए ।

विगत एकसातादेखि लागेको कुहिरोसँगै झरेको तुसारो तथा चिसो हावाले मौसत अत्यधिक चिसो बनेको छ । चिसोका कारण बालबालिका, वृद्ध तथा पशुबढी प्रभावित भएको छ ।

जाडो बढेसँगै दैवि प्रकोप उद्धारसमिति सिरहाले जिल्लाका सवै नगरपालीका तथा गाउँपालिकाका हरुलाई



सर्वधारणका लागि सार्वजनिक स्थलहरुमा बिहिवार दाउरा वितरण गरेको छ ।

गोलबजारनगर क्षेत्रमा दाउरा वितरण गरेपछि स्थानीयले राहत महसुस गरेका छन् । नगरपालिकाले बस विसौनी, मासिको चहलपलहुने स्थानहरुमा दाउरा वितरणगरी आगो बालेको गोलबजार नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीधर केसीले बएको छ । गोलबजारको विभिन्न ठाउ, चोहर्वा, बस विसौनी र मानिसको आवतजावत बढीहुने स्थानमा दाउरा बालेको नगर प्रमुख श्याम कुमार श्रेष्ठले बताएका छन ।

नगरप्रमुख श्रेष्ठले जाडो अत्यधिक भएकोले कामविशेषले बजारसम्म आउने सर्वसाधारण तथा यात्रीहरुको लागि आगोको व्यवस्था गरिएको बताए । आवशयकताअनुसार आवश्यक दाउरा वितरण गर्न तथा गरिव, असहाय तथा वृद्ध विद्धाहरुलाई कम्वल वितरण गर्न पनि पत्र जागरी गरिसको दैवि प्रकोप उद्धार समितिका सदस्य सचीव तथा सहायक प्रमुख जिल्ला अधिकारी नरेस कुमार यादवले जानकारी दिनुभयो ।

आजपनि जाडो धेरैभएकोले अव यस्तै अवस्था रहे सवै स्थानीयनियकालाई पत्राचार गरेको भएपनि अहिलेसम्म गोलबजार नगरपालिकाले मात्र दाउरा वितरण गरेको बाकी रकेको पालिका हरुलाइ दाउरा तथा न्यानो कपडा वितरण गर्न पुन्ह पत्र पठाएको बताएका छन ।

साथै जिल्ला प्रशासन कार्यालय सिरहाले जोडोको समयमा धेरैवेर वाहिर नवस्न, न्यानो कपडा लगाउन तथा सुरक्षित स्थानमा बस्न सुचना सार्वजनिक गरेको छ ।

# दुर्घटनाको निगरानी गर्न एएनपीआर क्यामेरा जडान

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालमा गाडीले मान्छे हानेर भाग्ने र त्यसको पहिचान नहुने ठूलो समस्या छ । उपत्यकालगायत देशभरिका सडकमा प्रविधिको प्रयोग न्यून हुँदा पनि यो समस्या आइरहेको छ, जसले नेपाल प्रहरीलाई हैरानी दिने गरेको छ ।

अब भने त्यसको पनि निगरानी गरी पहिचान गर्न सकिने नयाँ प्रविधि काठमाडौँ उपत्यकामा भित्रिएको छ । काठमाडौँ महानगरपालिकाको सहयोगमा उपत्यका प्रहरीले त्यसरी भागेका गाडीका नम्बरप्लेट र चालकले गाडी चलाउँदा कस्ता गतिविधि गरिरहेको छ भनेर रिड गर्ने क्षमताको अत्याधुनिक क्यामेराको प्रयोग थालिएको छ । जसलाई ‘अटोमेटिक नम्बरप्लेट रिकग्नाइजेसन क्यामेरा’ (एएनपीआर) भनिन्छ । मुख्यगरी यसले चालकको गतिविधि नियन्त्रणमा सहयोग पुग्नेछ । सिटबेल्ट लगाएको छ कि छैन, चालकले धूमपान गरेर गाडी चलाएको छ कि ? फोनमा कुरा गरेर पो गाडी चलाएको छ कि ? भनेर पत्ता लगाउन उक्त क्यामेराले सहयोग गर्छ । अनि नम्बरप्लेटलाई पनि रिड गरेर पठाउँछ ।

आधुनिक प्रविधियुक्त उक्त क्यामेराले गाडीको नम्बरप्लेट र चालकको सिटसम्मकै गतिविधि फोटो खिचेर सर्बरमा पठाउने हुँदा ट्राफिकिङमा यसले ठूलो सहयोग गर्ने विश्वास गरिएको काठमाडौँ उपत्यका प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक दिनेशराज मैनालीले बताए ।

“मानौँ कुनै गाडी दुर्घटना गराएर भाग्यो, त्यसको रङमात्रै थाहा भयो, तर नम्बरप्लेट पहिचान भएन भने उक्त क्यामेराले त्यो बाटो भएर गएको गाडीको नम्बरप्लेट रिड गरेर राख्छ र सर्वरमा पठाउँछ । त्यसपछि त्यो रङको सबै गाडीको नम्बर पहिचान हुन्छ, अनि यातायातसँग समन्वय गरेर गाडीधनीसम्म पुग्न सकिन्छ”, मैनालीले भने ।

“मनिसले सत्य नबक्न पनि सक्छ, तर प्रविधि र प्रमाणले सत्य बक्नै पर्छ, त्यसकारण तथ्यमा आधारित भएर प्रमाण जुटाउन यसले सहयोग गर्छ”, प्रहरी वरिष्ठ उपरीक्षक मैनालीले थपे, “अहिले हामीले कोटेश्वरको मुनिभैरव, नयाँ बसपार्क र महाराजगञ्ज क्षेत्रमा जडान गरेका छौँ ।” आधुनिक प्रविधि भएकाले नेपाली र इम्बोष्ट नम्बरलाई पनि क्याप्चर गर्छ । उहाँका अनुसार चारवटा मुनिभैरवमा, चारवटा महाराजगञ्ज क्षेत्रमा र दुई बसपार्क क्षेत्रमा जडान गरिएको छ । त्यसले सूचनाहरू उपत्यका प्रहरीको कन्ट्रोलमा पठाउँछ । त्यसबाट विश्लेषण गरेर आवश्यक काम गर्न सकिन्छ ।

यसअघि प्रहरीलाई ‘हिट एण्ड रन’ का घटनामा व्यक्ति र गाडी पहिचान गर्न गाह्रो हुन्थ्यो, अब यो राखेपछि दुर्घटनाबाट भागेको गाडी पत्ता लगाउन सकिन्छ । कालो गाडी थियो भनेर पत्ता लागेपछि कालो गाडी जतिको नम्बरप्लेट क्यामेराले पहिचान गर्छ, त्यसपछि यातायातसँग समन्वय गरेर धनी पत्ता लगाउन सकिन्छ ।

केही दिनअघि जडान गरिएको उक्त क्यामेराका लागि काठमाडौँ महानगरपालिकाको सहयोग रहेको छ । यसलाई अब विस्तार गर्दै लैजान जरुरी रहेको उपत्यका प्रहरीले जनाएको छ । अरु पालिकाले पनि सहकार्य गर्ने कुरा भइरहेको छ, अब यो आर्थिक वर्षभरिमा काठमाडौँका नाकामा राख्ने योजना रहेको मैनालीले जानकारी दिए । रातिको समयका लागि समेत यसले काम गर्छ । गाडीको लाइट काटेर नम्बर क्याप्चर गर्ने क्षमता यसको रहने बताइन्छ ।

उपत्यकामा यस्ता विभिन्न प्रविधियुक्त क्यामेरा एक सय ७० वटा राख्न लागिएको छ । फेसरिड क्यामेरा १० ठाउँमा,

> फेसरिड क्यामेराले अपराधी पत्ता लगाउन सहज हुने बताए । हराएको कुनै व्यक्तिको फोटो सेट गरेको खण्डमा उक्त क्यामेराले त्यो व्यक्ति त्यस क्षेत्रमा पुगेको फेला पारेमा रिड गरेर पठाउँछ । भीडभाडमा यसले व्यक्ति पत्ता लगाउन सजिलो हुने उनले बताए ।

अटोमेटिक नम्बरप्लेट रिकग्नाइजेसन क्यामेरा १० ठाउँमा र भिडियो म्यानेजमेन्टसहितको क्यामेरा (एआई प्रविधिमा आधारित) एक सय ५० स्थानमा जडान गर्न लागिएको छ । उक्त प्रविधि जडानमा सिनर्जी आइटी सोलुसन काठमाडौँको प्राविधिक सहयोग रहेको छ । सोलुसनका कार्यकारी निर्देशक मनोज खड्काले विभिन्न प्रविधियुक्त ती क्यामेराले फरक-फरकरूपमा काम गर्ने बताए ।

उनले फेसरिड क्यामेराले अपराधी पत्ता लगाउन सहज हुने बताए । हराएको कुनै व्यक्तिको फोटो सेट गरेको खण्डमा उक्त क्यामेराले त्यो व्यक्ति त्यस क्षेत्रमा पुगेको फेला पारेमा रिड गरेर पठाउँछ । भीडभाडमा यसले व्यक्ति पत्ता लगाउन सजिलो हुने उनले बताए ।


## तपाईको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : शिक्षामा उन्नति । |
| मिथून | : पारिवाहिक सुख । |
| कर्कट | : धन वृद्धि सञ्चय । |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख । |
| कन्या | : सुख समृद्धि हुने । |
| तुला | : भ्रमण अवसर हुने । |
| वृश्चिक | : अवसर प्राप्त । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : पुरस्कार प्राप्त लाभ । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : बौद्धिक क्षमता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



रामबहादुर बम्जन भन्ने रामलाल बम्जनलाई सर्लाही जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएपछि अदालतबाट बिहीबार महोत्तरीतर्फ लैजाँदै प्रहरी। *तस्बिर : रासस*

# शितलहरले कष्टकर बन्दै सप्तरीको जनजिवन

**टुडे समाचारदाता**

राजविराज । केही दिन यतादेखि शितलहर चलेसँगै बढेको अत्याधिक चिसोले यहाँको जनजीवन कष्टकर बनेको छ । बिहीबार यहाँ यो वर्ष कै सर्वाधिक चिसो महसुस गरिएको छ।

बाक्लो हुस्सु र निरन्तर चलिरहेको चिसो हावाले स्थानीयको दैनिक जीवनयापन कष्टकर बनेको छ । बिहीबार यहाँको तापक्रम ८ देखी ९ डिग्रीमा झरेको मौसमविज्ञहरु बताउँछन।

विहानै देखी चल्ने शितलहर र हुस्सुका कारण घरबाट मानिस कमै निस्किदा सडकमा चलह पहल निकै घटेको छ भने अस्पताल तथा स्वास्थ्य चौकीहरुमा दम, झाडापाखा, रुघाखोकीका विरामीको चाप बढेको स्वास्थ्यकर्मीहरु बताउँछन्।

शितलहर बढेपछि बजारमा दाउरा बालेर आगो ताप्ने दृश्य जताततै देखिएको छ । चिसोबाट विषेश गरी अतिविपन्न, मुसहर र दैनिक ज्यालादारी गरेर गुजारा चलाउने परिवार सबै भन्दा बढी प्रभावित भइरहेका छ्न । मजदुरहरु काममा जान पाएका छैनन भने घरमै वस्नु पर्दा हातमुख जोर्ने समस्या भइरहेको तिलाठी कोइलाडी गाउँपालिका ४ का बैजु सदाले सुनाए।

यस्तै गुनासो पोखे छिन्नमस्ता गाउँपालिका ३ का सत्यनारायण मुखियाले । "एकातीर शरीर ढाक्ने प्रयाप्त न्यानो लुगा छैन भने अर्कोतिर अत्याधिक चिसोले काममा जान नपाउँदा हात मुख जोर्न समस्या भएको छ, उनले भने। उनले गाउँघरबाटै संकलित गरेको दउराको भरमा जाडो झेलिरहेको सुनाए।

अतिविपन्न मुसहर तथा डोम समुदायले जाडो छल्न अधिकांश समय आगो तापेर वसिरहेका छन्। बाक्लो हुस्सुले भिजीविलीटी कम भएपछि पूर्वपश्चिम राजमार्ग सहित बजार र ग्रामीण क्षेत्रको भित्री सडकमा चल्ने सवारी साधन विहान र दिउसै पनि बत्ति बालेर गुडिरहेका छन् । ट्राफिक प्रहरीले पनि यस्तो मौसममा सावधानी अपनाएर सवारी साधन गुडाउन अनुरोध गरिरहेको छ।

यता जाडोबाट जोगिन न्यानो कपडा लगाउन, तातो झोलिलो खाने कुरा खान र अत्यावश्यक काम बाहेक बाहिर ननिस्कन गजेन्द्र नारायण सिह अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. अवधेश मिश्रले सुझाव दिएका छन्।

# स्वास्थ्य सुविधा योजनाको दायरा बढाउँदै

**टुडे समाचारदाता**

काठमाण्डु। स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य बीमा कार्यक्रमको सुविधा योजनाको दायरा बढाउने भएको छ। विहीबार यहाँ आयोजित पत्रकार सम्मेलनमा बोर्डका कार्यकारी निर्देशक डा दामोदर बसौलाले योगदान रकममा पुनरावलोकन गरी स्वास्थ्य सुविधाको दायरा बढाइने बताए।




"समयानुसार स्वास्थ्य बीमाका कार्यक्रमलाई हामीले परिमार्जन गर्दै लगिरहेका छौँ", उनले भने, "त्यहीअनुसार बिमितलाई ध्यान दिँदै स्वास्थ्य कार्यक्रमका दायरा पनि बढाउने तयारीमा छौँ।" अहिले पाँच जनाको परिवारसम्म सदस्य भएका परिवारले वार्षिक रु तीन हजार पाँच सयको योगदान रकम तिरी रु एक लाखसम्मको सुविधा लिनसक्ने व्यवस्था छ।

पहिलो सामाजिक सुरक्षा कार्यक्रम हुँदा रु दुई हजार पाँच योगदान रकम रहेको थियो। त्यसबापत रु ५० हजार बराबरको स्वास्थ्य सेवा लिन पाउने व्यवस्था रहेको थियो। उनले भने, "अहिले स्वास्थ्य बीमा ऐन विनियमावली आएपछि दुई हजार पाँच सयबाट रु तीन हजार पाँच सय योगदान रकम बनाइयो र रु ५० हजारबाट रु एक लाख बराबरको स्वास्थ्य सुविधा पाउने व्यवस्था गरियो, अहिले पनि हामीले थोरै रकम तिर्ने निश्चित र धेरै रकम तिर्नेलाई धेरै सुविधा प्रदान गर्ने भन्नेमा छलफल भइरहेको छ।"

बोर्डले कार्यक्रमको दायरा बढाउनका लागि बोर्डका सदस्य डा मुक्तिराम श्रेष्ठलाई एक महिनाभित्रमा प्रतिवेदन पेस गर्न जिम्मेवारी तोकेको छ। यस्तै बोर्डले स्वास्थ्य बीमा कार्यक्रमको सुविधाको थैलीको औषधिको शुल्क पनि पुनरावलोकन गर्ने भएको छ।

बोर्डका सदस्य जुनु श्रेष्ठलाई एक महिनाभित्र कार्यक्रमको सुविधाको थैलीमा भएको औषधि र सेवाको मूल्यको पुनरावलोकन कार्य गर्न जिम्मेवारी दिइएको छ। बिमितको संख्या बढाउन प्रत्येक स्थानीय तहमा स्थानीय स्वास्थ्य बीमा संयोजन समिति गठन गरेर स्थानीय तहमा बीमाबारे जनचेतना जगाउने र बिमित संख्या बढाउने उनको भनाइ छ। उनले प्रत्येक वडामा रहेका दर्ता सहयोगीले बिमितलाई बीमा कार्यक्रमबारे बुझाउने र सहभागिता गराउने बताए।

बोर्डका अध्यक्ष डा गुणराज लोहनीले स्वास्थ्य मन्त्रालयअन्तर्गतका सबै स्वास्थ्य सुरक्षाका कार्यक्रमलाई स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत ल्याउन पहल गरिने बताए। अहिले सामाजिक सुरक्षा कोष, नागरिक लगानी कोषलगायतका कार्यक्रममार्फत पनि स्वास्थ्य बीमा गरिएको छ।

सरकारले २०७२ चैत २५ गते गुणस्तरीय स्वास्थ्य सेवालाई जनस्तरसम्म पुर्याउनका लागि स्वास्थ्य बीमा कार्यक्रम लागू गरेको हो। अहिले ७७ जिल्लामा लागू गरिएको स्वास्थ्य बीमा कार्यक्रममार्फत एकदेखि पाँच जनासम्मको परिवारले प्रत्येक वर्ष बिमितबापत रु तीन हजार पाँच सय र पाँच जनाभन्दा बढी भएको खण्डमा प्रत्येक एक बराबर थप रु सात सय थप्नुपर्ने छ।

अहिलेसम्म कुल ७४ लाख ६६ हजार सात व्यक्ति बीमामा आबद्ध रहेका र तीमध्ये ३४ लाख ७६ हजार सात सय ७८ जनाले बीमा कार्यक्रममार्फत स्वास्थ्य सेवा लिएको बोर्डका सूचना अधिकारी ओमकुमारी कँडेलले जानकारी दिए। उहाँका अनुसार अहिले सक्रिय बिमित ४८ लाख ५९ हजार पाँच सय १५ जना रहेका छन्।

# विदेशी मुद्रा सञ्चिति १७ खर्ब ६७ अर्ब पुग्यो

**टुडे समाचारदाता**

काठमाण्डु। मुलुकभित्र विदेशी मुद्राको सञ्चिति सबल बन्दै गएको पाइएको छ। चालु आवको मङ्सिर मसान्तसम्म कूल रु १७ खर्ब ६७ अर्ब बराबरको विदेशी मुद्राको सञ्चिति रहेको नेपाल राष्ट्र बैंकले वहिबार सार्वजनिक गरेको विवरणमा उल्लेख छ।



केन्द्रीय बैंकका अनुसार गत असार मसान्तमा रु १५ खर्ब ३९ अर्ब ३६ करोड बराबर रहेको कूल विदेशी विनिमय सञ्चिति रहेकामा १४ दशमलव आठ प्रतिशतले वृद्धि भई गत मङ्सिर मसान्तमा रु १७ खर्ब ६७ अर्ब चार करोड पुगेको छ।

अमेरिकी डलरमा यस्तो सञ्चिति २०८० असार मसान्तमा ११ अर्ब ७१ करोड रहेकोमा गत मङ्सिर मसान्तमा १३ दशमलव छ प्रतिशतले वृद्धि भई १३ अर्ब ३१ करोड पुगेको छ। कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति गत असार मसान्तमा रु १३ खर्ब ४५ अर्ब ७८ करोड रहेकोमा गत मङ्सिर मसान्तमा १५ दशमलब छ प्रतिशतले वृद्धि भई रु १५ खर्ब ५६ अर्ब २५ करोड पुगेका छ।

बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंक बाहेक)सँग रहेको विदेशी विनिमय सञ्चिति गत असार मसान्तमा रु एक खर्ब ९३ अर्ब ५९ करोड रहेकोमा गत मङ्सिर मसान्तमा आठ दशमलब नौ प्रतिशतले वृद्धि भई रु दुई खर्ब १० अर्ब ७९ करोड कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार गत मङ्सिर मसान्तको कूल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २१ दशमलव छ प्रतिशत छ। चालु आवको पाँच महिनाको आयातलाई आधार मान्दा बैंङ्किङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १४ दशमलब एक महिनाको वस्तु आयात र ११ दशमलव आठ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

**अर्थतन्त्रका अधिकांश सूचक सकारात्मक**

चालु आर्थिक वर्षको पहिलो पाँच महिनामा अधिकांश आर्थिक सूचकहरु सकारात्मक देखिएका छन् । नेपाल राष्ट्र बैंकले वहिबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार मङ्सिर मसान्तसम्ममा मूल्यवृद्धि घटेको छ भने विप्रेषण र विदेशी मुद्रा सञ्चिति बढेको छ। शोधनान्तर स्थिति बचतमा देखिएको छ।

राष्ट्र बैंकका अनुसार वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति चार दशमलल ९५ प्रतिशत छ । यस अवधिमा आयात तीन दशमलव चार, निर्यात छ दशमलव एक र कूल वस्तु व्यापार घाटा तीन दशमलव एक प्रतिशतले घटेको छ । विप्रेषण आप्रवाह २७ दशमलव ६ प्रतिशतले वृद्धि भई रु छ खर्ब १३ अर्ब २५ करोड पुगेको छ।

> राष्ट्र बैंकका अनुसार वार्षिक विन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति चार दशमलल ९५ प्रतिशत छ । यस अवधिमा आयात तीन दशमलव चार, निर्यात छ दशमलव एक र कूल वस्तु व्यापार घाटा तीन दशमलव एक प्रतिशतले घटेको छ । विप्रेषण आप्रवाह २७ दशमलव ६ प्रतिशतले वृद्धि भई रु छ खर्ब १३ अर्ब २५ करोड पुगेको छ ।

यस अवधिमा शोधनान्तर स्थिति रु दुई खर्ब १० अर्ब ५९ करोडले बचतमा छ। त्यस्तै, कूल विदेशी विनिमय सञ्चिति रु १७ खर्ब ६७ अर्ब चार करोड पुगेको छ। चालु आवको पाँच महिनाको आयातलाई आधार मान्दा बैंङ्किङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १४ दशमलव १ महिनाको वस्तु आयात र ११ दशमलव ८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

पाँच महिनामा नेपाल सरकारको खर्च रु चार खर्ब ५३ अर्ब र राजस्व परिचालन रु तीन अर्ब ६३ अर्ब ४३ करोड छ। यस अवधिमा विस्तृत मुद्राप्रदाय चार दशमलव प्रतिशतले बढेको छ। वार्षिक विन्दुगत आधारमा यस्तो मुद्राप्रदायक १४ दशमलव ४ प्रतिशतले बढेको छ। बैंक तथा वित्तीय संस्थाको निक्षेप सङ्कलन चार दशमलव छ प्रतिशत अर्थात् रु दुई खर्ब ६३ अर्ब ७२ करोडले बढेको छ। यही अवधिमा निजी क्षेत्रमा प्रवाहित कर्जा दुई दशमलव तीन प्रतिशत अर्थात् रु एक खर्ब १० अर्ब ६ करोडले बढेको छ।

वार्षिक विन्दुगत आधारमा निक्षेपको वृद्धिदर १५ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर चार दशमलब पाँच प्रतिशत छ।

**पाँच महिनामा रु छ खर्ब १३ अर्ब २५ करोड विप्रेषण भित्रियो**

चालु आर्थिक वर्षको पाँच महिनामा रु छ खर्ब १३ अर्ब २५ करोड बराबरको विप्रेषण स्वदेश भित्रिएको छ।

नेपाल राष्ट्र बैंकले वहिबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको मङ्सिर मसान्तसम्मको विवरणअनुसार विप्रेषण आप्रवाह २७ दशमलव छ प्रतिशतले वृद्धि भएको हो । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २३ प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा विप्रेषण आप्रवाह २४ दशमलव पाँच प्रतिशतले वृद्धि भई चार अर्ब ६२ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह १३ दशमलव एक प्रतिशतले बढेको थियो।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या एक लाख ७३ हजार पाँच सय ५५ र पुनः श्रम स्वीकृति लिनेको संख्या एक लाख चार हजार ३७ छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः दुई लाख ३६ हजार सात सय ७९ र एक लाख १५ हजार नौ सय ४८ थियो।

समीक्षा अवधिमा खुद ट्रान्सफर २६ दशमलव तीन प्रतिशतले वृद्धि भई रु छ खर्ब ६९ अर्ब ७४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर २१ दशमलव छ प्रतिशतले बढेको थियो ।

# आपराधिक गतिविधि नियन्त्रणमा सहकार्यको प्रतिबद्धता

**टुडे समाचारदाता**

लुम्बिनी । नेपाल-भारतका सुरक्षा अधिकारीको संयुक्त बैठकले सीमावर्ती क्षेत्रमा दुवै पक्षबाट कानुनको परिपालना गराउने र सबै प्रकारका गैरकानुनी कार्य नियन्त्रणका लागि तत्काल सूचना आदानप्रदान गर्ने निर्णय गरेको छ।



नेपाल-भारत सीमा क्षेत्रका जिल्ला रुपन्देही, कपिलवस्तु र नवलपरासी बर्दघाट सुस्ता पश्चिमका प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा निकायका प्रमुख तथा भारतीय सीमा क्षेत्रका जिल्ला महाराजगञ्ज र सिद्धार्थनगरका जिल्ला अधिकारीसहित सुरक्षा निकायका प्रमुखको वहिबार रुपन्देहीमा बसेको संयुक्त बैठकले सीमा क्षेत्रमा हुने हतियार तस्करी, लागुऔषध ओसारपसार, मानवबेचबिखन जस्ता आपराधिक गतिविधि नियन्त्रण गर्न सबै प्रकारका कानुन परिपालन गराउने र सूचना आदानप्रदान गर्ने निर्णय भएको रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले जानकारी दिए।

नेपाल-भारत संयुक्त सीमा समन्वय समितिको बैठकमा लागुऔषध, हतियार, सीमा सडक, मानव तस्करी, सीमावर्ती दशगजा क्षेत्रमा सञ्चालित साप्ताहिक हाटबजारका कारण नेपालको राजस्व तथा व्यापारमा परेको नकारात्मक प्रभाव र हाटबजारमा भीडभाड भएको मौका छोपेर गलत क्रियाकलाप हुने सम्भावना आपराधिक गतिवधिलाई बढावा पुग्ने सम्भावना देखिएकाले त्यसलाई हटाइदिन आग्रह गरिएको प्रमुख जिल्ला अधिकारी अर्यालले जानकारी दिए।

सीमा क्षेत्रमा आपाराधिक गतिविधि नियन्त्रण गर्न कानुन कार्यान्वयन गर्ने विषय, भारतीय भूमिमा रहेका औषधि पसलबाट नेपालतर्फ निर्वाधरुपले भित्रिने लागुऔषधको रुपमा प्रयोग हुने औषधि बिक्री हुने कार्यलाई नियन्त्रण गर्न नेपाल पक्षबाट आग्रह गरिएको उनले जानकारी दिए।

उनले भारतको अयोध्यामा आयोजना हुने प्राणप्रतिष्ठाका समयमा नेपालका तर्फबाट शान्ति सुरक्षाको व्यवस्थापन, भारतमा यसवर्ष हुने आम निर्वाचनका समयमा सीमा क्षेत्र बन्द लगायतका विषयमा अनुरोध गरिएको र नेपाल पक्षबाट कानुनसम्मत ढङ्गले सहयोग हुने विश्वास दिलाएको बताए।

प्रजिअ अर्यालले पछिल्लो समय भारतबाट आउने व्यक्तिमा कोरोनाको नयाँ भेरियन्ट देखापरेको विषयमा सीमा क्षेत्रमा सतर्कतासँगै सावधानी अपनाउने र सीमामा जाँचमा कडाइ गरिएको बताए।

बैठक पश्चात भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गरेर आउनुभएका भारत महाराजगञ्ज जिल्लाका प्रमुख जिल्ला अधिकारी अनुनय झाले सीमा क्षेत्रबाट हुने अवैध व्यापार, मानव बेचविखन ओसारपसार, दशगजा क्षेत्रमा भएका अतिक्रमण कसरी हटाउने भन्ने विषयमा छलफल भएको जानकारी दिए। उनले भारतीय प्रतिनिधिमण्डलका तर्फबाट यसवर्ष भारतमा हुने निर्वाचन र अयोध्यामा श्रीराम मन्दिरमा जनवरी २२ मा आयोजना हुने प्राण प्रतिष्ठानको समयमा कानुनअनुसार कडाइ गर्ने मुख्य दुई विषय उठान गरिएको बताए।

उनले बैठकमा दुवै पक्षबाट बैठकमा उठेका विषयमा समान धारणा बनेकाले बैठक सफल भएको बताए । उनले सीमा क्षेत्रबाट हुने लागुऔषध ओसारपसारको समस्यालाई समाधान गर्न दुवै देशका सीमामा रहेका संयुक्त सुरक्षा फौज, दुवै देशका सीमा क्षेत्रका जिल्ला प्रशासन कार्यालयलगायत सरकारी निकायबीच समयमा सूचना आदानप्रदान गर्ने र कानुन कार्यान्वयन गर्ने विषयमा छलफल भएको बताए।


**मधेश प्रज्ञा प्रतिष्ठान**

**मधेश प्रदेश, जनकपुरधाम**

**खुला कविता वाचन कार्यक्रम**


**प्रथम पटक प्रकाशित मिति : २०८०।०९।२७**

माघ पाँच गते मनाइने बलिदानी दिवसको सन्दर्भमा मधेश प्रज्ञा-प्रतिष्ठानले २०८० माघको दोश्रो सातामा प्रदेश स्तरीय बहुभाषा कवि गोष्ठी आयोजना गर्ने भएकोले तपसिलको आधारमा आ-आफ्नो कविता यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले १० (दश) दिन भित्र madheshacacemy.2079@gmail.com मा पठाउन वा कार्यालय समय भित्र प्रतिष्ठानमा नै पेश गर्न सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. कविता २५० (दुई सय पचास) शब्द भित्र हुनु पर्नेछ।
२. एउटा कविले एक मात्र कविता पेश गर्न सक्नेछ।
३. प्रत्येक कविता संगै कविको ठेगाना र सम्पर्क नम्बर उल्लेख भएको हुनु पर्दछ।
४. वाचनका लागि छनौट हुने कविताका कविहरुलाई वाचन हुने मिति, समय र स्थान बारे फोनमा जानकारी गराईनेछ।
५. कविता पेश गर्ने अन्तिम दिन विदा परेमा त्यसको भोली पल्ट कविता पेश गर्न सकिने छ।
६. विशेष जानकारीका लागि सम्पर्क नम्बर : ९८५४०२९५७९, ०४१-५९१७९१

**प्रमुख प्रशासकीय अधिकृत**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# मधेश प्रति इमान्दार नेताको खाँचो

नेपालमा मधेशी नागरिकसित विभेद भइरहेको छ ।पछिल्लो पटक न्यायाधिशको बढुवामा एकजना मधेशी समुदायबाट परेका छैनन् ।मधेशी समुदायसित भइरहेको विभेदबारे आजभोली खुल्ला रुपमा वहस हुन थालेको छ ।मधेशबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा सदस्य , प्रदेश सरकारमा रहेका मधेशी दलका सभासदहरु, पालिकाका जनप्रतिनिधिहरु, बिभिन्न पेशामा संलग्न रहेका पेशाकर्मीहरुले मधेशको पक्षमा आवाज उठाएपनि त्यो प्रभावकारी देखिएको छैन् ।जनता समाजवादी पार्टी( जसपा), लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा), जनमत पार्टीका शीर्ष नेताहरु सत्ताको वरिपरि चक्कर लगाइरहेका छन् ।उनीहरुले प्रारम्भमा मधेश र मधेशीका लागि लडेको लडाइलाई थाँती राखेर कुर्सी प्राप्तिका लागि उद्यत देखिन्छन् ।मधेशी नागरिकलाई राज्यबाट भइरहेको उपेक्षालाई रोक्न आवश्यक छ ।हाल भइरहेको राष्ट्रिय सभाको चुनावका लागि मधेश प्रदेशबाट जित्ने उम्मेदवारमा मधेशीलाई राखिएको छैन् ।मधेश प्रदेशबाट मधेशी उम्मेदवार नबनाउँदा कांग्रेसका नेताहरुपनि असन्तुष्ट देखिएका छन् ।एमालेले पराजित हुने बेलामा मधेशी उम्मेदवार बनाएको छ ।जित्ने बेला गैर मधेशीलाई उम्मेदवार बनाएको एमालेले हार्ने बेला मधेशीलाई अगाडी सारेको छ ।मधेशको नाममा राजनीति गर्ने नेताहरुले मधेशीको हक खोसिदापनि मुख खोलिरहेका छैनन् ।उनीहरु मौन बसेर मधेशीमाथि भइरहेको विभेदलाई स्वीकार गरिरहेका छन् ।मधेशीमाथि भइरहेको विभेदले मधेशमा आक्रोश बढिरहेको छ ।मधेशीको असन्तुष्टिलाई ठूला दलका शीर्ष नेताहरुले सम्बोधन गर्न चाहेका छैनन् ।उनीहरुले मधेशी दलकै नेताको काँधमा बन्दूक राखेर पड्काउन थालेका छन् ।मधेशीको अधिकार खोस्दा बढिरहेको असन्तुष्टिले देशमा बिकराल रुप लिन सक्ने संभावना बढन थालेको छ ।हाल मधेशका नेताहरु मौन देखिएपनि लोसपाका बरिष्ठ नेता राजेन्द्र महतोले मधेशको असन्तुष्टिलाई नै मुख्य मुद्दा बनाएर नयाँ दल गठन गर्ने तयारी थालेका छन् ।त्यस कार्यका लागि उनले माघ महिनादेखि अभियान चलाउने भएका छन् ।मधेशी र ठूला दलबाट असन्तुष्ट रहेका मधेशीहरुको संख्या ठूलो छ ।इमान्दार नेताले निष्ठापूर्वक मधेश र मधेशीको हितका लागि अगाडी बढन सके व्यापक जनसमर्थन पाउन सक्छन् ।राजेन्द्र महतोले विगतमा पनि सदभावना पार्टी खोल्दा सम्मानजनक अवस्थामा नै रहेको थियो ।मधेशको मुल मुद्दा नै हराउने अवस्था आइसकेको छ ।मधेशीसितको विभेद रोक्न मधेशबाट राजनीति गर्ने नेताहरुले सशक्त रुपमा आवाज उठाउनु पर्छ ।जसपा, लोसपा र जनमत पार्टीले मौका चुकिरहेका छन् ।यो अवसर महतोका लागि उपयोगी हुन सक्छ ।

# सहिद सत्यनारायण पाठक अविस्मरणीय योद्धा



प्रफुल्ल घिमिरे

जब पौष २६ गते आउँछ । तब सहिद सत्य नारायण पाठकले शहादत दिएको दिनको स्मरण गर्ने गरिन्छ। निर्भीक स्वाभावका क्रान्तिकारी पाठक अन्नायअत्याचारका विरुद्ध तुरुन्त प्रतिबाद गर्ने स्वभावका थिए। यै स्वभावका कारण षड्यन्त्र मुलक कथित टाउन प्लानिङको नाउँमा प्रहरी प्रशासनका साथ आएका सिडिओको टोलि संग प्रतिवाद गर्दा सिडिओले चलाएको गोलिवाट नै यिनले बिरगती प्राप्त गरे।

आज उनले शहादत दिएको ३५ औं वर्ष भएको छ। यसबिच कयौं उतार चढावहरु यस जनकपुर धामले झेलेको छ। कयौं क्रान्तीका विगुल यस माटोले फूकेको छ। यस माटोबाट क्रान्तीका बिगुल फूकने एक सच्चा जुझारु क्रान्तीकारी योद्धा पाठकलाई लोकतान्त्रिक आन्दोलनको ईतिहासले बिर्सेको छैन । इतिहासका पानामा यिनी सुनौला अक्षरले सजिएर रहेका छन । यसै क्रममा शहीद सत्यनारायण पाठकलाई हार्दिक श्रद्धाञ्जलीका साथ केही शब्दरुपी पुष्पाञ्जली ।

पिता रामचन्द्र पाठकका तीन छोरा मध्येका कान्छा सुपुत्रका रुपमा २०१५ सालमा धनुषा जिल्लाका बघचौरा गा.वि.स.मा जन्म लिएका सत्यनारायण पाठक एक जुझारु कर्तव्यनिष्ट , लगनशिल , कर्मठ, निर्भीक निडर निस्वार्थ व्यक्ति थिए । सदा अन्याय, अत्याचारका विरुद्ध लडने सत्यनारायण पाठकलाई राजनितिक गतिविधिमा लागेको कारणबाट पंचायती प्रशासनले नौ कक्षामा अध्ययनरत रहदा छात्रवृति रोकी निष्काशन गर्यो । याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालयबाट निष्काशित भएपछि भारतको बिहार शिक्षा बोर्डबाट एस.एल.सी. (मध्यमा) उत्तिर्ण गरे। बि.ए. को फर्म भरि परीक्षाको तयारीमा थिए । २०३७ सालमा गम्भीरा देवीसंग बैवाहीक सम्बन्ध भएपछि पंचायती व्यवस्थाका पृष्ठपोषकको चाकडी गरी जीविकोपार्जन गर्नु भन्दा आफ्नो मिहेनत र परिश्रमबाट विभिन्न कार्य गरी जीवनयापन गरी पंचायती व्यवस्था विरुद्ध लड्ने श्रेयष्कर ठानी २०४१ सालमा भोला सिंह मिथिला इंगलिश बोर्डिग स्कूलमा शिक्षकमा नियुक्ति लिएर कार्यरत थिए । नेपाली कांग्रेसका आदर्शबाट प्रभावित भई नेपाली कांग्रेसका विभिन्न कार्यक्रममा सहभागि बनी अनेकौं पटक थुना , जेल परेर कठोर यातना दुःख कष्ट समेत झेलेका थिए ।

लडाकु स्वाभाबका पाठक नेपाली कांग्रेसद्धारा २०४२ साल जेष्ठ ६ गते देखि शुरुवात भएको सत्याग्रहमा गिरफ्तारी दिई नौ महिना सम्म जलेश्वर कारागारमा जीवन व्यतित गरेर भर्खर फर्केका थिए । यस समयमा तत्कालीन जनकपुर नगर पञ्चायतद्वारा जनकपुर वडा नं. ७, ८ र १३ का करिब ४ सय ८५ विघा जग्गा अधिग्रहण गरेर बाहिरका उच्च पदस्थ नागरिकलाई बसोवास गराउनका निम्ति 'आदर्श नगर' बनाउने दरवारको योजना रहेको थियो ।

उक्त योजना अनुसार जनकपुर नगर पञ्चायतमा जनकपुरका अंचलाधिश सुर्य प्रसाद उपाध्याय, सिडिओ बाबुराम पौडेल , प्रधानपञ्च, प्रहरी प्रशासनको बैठकले टाउन प्लानिगको निर्णय गर्यो । उक्त निर्णय अनुसार बसहिया जाने बाटोदेखि पश्चिम वाड न ७ को बेला कुटिको सडक भएर दुधमती हुदै वडा न. ७, ८ , र १३ का दुधमती नदि देखि पुर्व तर्फको कभर्डहल सम्मका जग्गा अधिग्रहण गरेर आदर्श नगर बसाउने योजना रहेको थियो। तर सस्तो दर रेटमा जग्गा अधिग्रहण गरेर आदर्श नगर बनाएर बाहिरवाट मानिसहरुलाई ल्याएर बसाउने आन्तरिक सम्झदारी रहेको भन्ने कुरा आम नागरिकको माझ आयो। यो कुराले भुसको आगो झैं भित्र भित्रै जनकपुरवासिमा सल्किन थाल्यो । अधिग्रहणको सन्दर्भलाई लिएर केहि जग्गा धनीहरु लगायतका ब्यक्तिहरु बजरंग साह , काली साह ,श्रवण साह तत्कालीन आवास तथा भौतिक योजना मन्त्री डा. प्रकाश चन्द्र लोहनीकहाँ डेलिगेशन गए । मन्त्री समक्ष भने - टाउन प्लानिङ्गका लागी अधिग्रहण गर्न लागिएको जग्गाका धनिहरुसित छलफल गरिएको छैन। जग्गा कृषि योग्य छ। यो मुल शहरमा पर्छ। यसको मुआब्जा नगर पञ्चायतले दिन सक्दैन ।यो मुल्यवान जग्गाहरु छन । यसर्थ टाउन प्लानिङ्ग शहर भन्दा बाहिर हुनुपर्छ । साथै गुठीको जग्गा एयरपोर्ट भन्दा दक्षिण र शिवपुर जाने बाटोमा रहेकाले टाउन प्लानिङ्ग त्यहाँ गर्नु पर्छ । अधिग्रहण गर्न पनि सजिलो हुन्छ । यदि यही जग्गा लिनु छ भने जग्गा धनीहरुसंग कुरा गरेर चलन चल्तीको भाउ दिनुपर्छ भनेर डेलिगेसनमा गएका प्रतिनिधि मण्डलले राखेर आए। यसको केही दिनपछि मन्त्री लोहनी जनकपुर आए। नगर पञ्चायतमा छलफल राखियो । उक्त छलफलमा मन्त्री , अञ्चलाधीश , सिडिओ, प्रधान पञ्च, पुर्व प्रधान पञ्च र जग्गा धनिहरुवाट बंजरग साह , काली साह , दिगम्बर राय, राम एकवाल साह, श्रवण साह लगायत दस बारहजना उक्त छलफलमा थिए । मन्त्रीलाई डेलिगेसनमा जे कुरा राखिएको थियो सोही कुरा पुनः छलफलमा राखियो । मन्त्रीले विकल्पको बाटोमा कुरा राखे । लिनुपर्ने भए बिकल्प खोज्ने यदि लिनुपर्ने अवस्था आए चलन चल्तीको दर रेटमा गर्ने निर्णय गर्यो। तर ब्यवाहारमा सो कुरा देखिएन ।नापी शाखाका कर्मचारीहरु प्रहरी प्रशासनको समुह लिएर नाप नक्सा गर्न जग्गामा पुग्दथे। नागरिकहरुले नाप्न दिदैन थे। यसरी पटक पटक प्रहरी प्रशासनका साथ नापी टोलि नाप्न नक्सा गर्न जग्गामा पुग्ने र अबरोध हुँदा फर्केर आउदथे। पुष २२ गते पेठिया बजारमा चिया पिइरहेका राम एकवाल साह प्रशासन लिएर नाप जाँच नक्सा बनाउन सिडियो स्वंय आफै जनकपुर वाड न.८ मा रामानन्द चौकबाट सिधै पश्चिम परिक्रमा सडकको पारीतर्फ रहेको जग्गामा पुगे।

त्यहाँ पाठकसंग विवाद भयो । पाठकले भने यो जग्गा लिने हो भने उचित मुआवजा दिनुपर्छ र जग्गावालले चाहेमा पहिलो निजहरुलाई प्राथमिकता दिई त्यस पछि अरुलाई प्राथमिकता दिनुपर्छ भन्दा प्र.जि.अ. बाबुराम पौडेल आगबबुला भए । सो ठाउँमा एक धुर पनि जग्गा नभएका सत्यनारायण पाठक जनता माथि भई रहेको शोषण एवं अत्याचार विरुद्ध खुलेर प्र.जि.अ.लाई चुनौती दिदैं भनेका थिए -"जब सम्म म जीवित छु तब सम्म तिमी त के देशका सारा प्रशासनलाई यहाँ उतारे पनि यो शोषण हुन दिन्न" भन्दै चुनौती दिएका पाठकसंग प्रशासन तिल्मिलाएका थियो। प्र.जि.अ.ले पनि पाठकलाई हेरौला भनेका थिए । सो जग्गा नपाउन नापी शाखाका मान्छे एवं प्रशासन जग्गामा प्रवेश गर्न खोज्दा जनचेतना जगाई तयार भएका जनता सत्यनारायण पाठकको नेतृत्वमा केटाकेटी, बुढाबुढी सबले ढुंगा, लाठ्ठी, झारु, टोकरी ईत्यादी लिई प्रशासन माथि जाई लागि जग्गामा प्रवेश गर्न दिएनन । त्यहाँबाट प्र.जि.अ., एस.पी. यावत प्रहरी प्रशासन त्यहाँ अड्न नसकि भागाभाग गरेका थिए।



कहाँ प्रहरी पुग्यो । उनी त्यहाबाट बजार जान लाग्दा प्रहरी पनि उनको पछि पछि लाग्यो ।यिनी बंजरगजिको कमलालयमा पुगे । त्यहाँ बंजरग साह र काली साह बसेका थिए । प्रहरी त्यहाँ पुग्यो र भन्यो - डिएसपी साहबले बोलाउनु भएको छ। हिडनोस । तिनैजनालाइ डिएसपी कार्यलय लगियो ।डिएसपीले समय दिएनन् । बाहिर नेपाली काँग्रेसका नेता दिगम्बर राय, सत्यनारायण पाठकले नेतृत्व गरिरहेका थिए । पुष २३ गते १०/११बजेतिर दिगम्बर रायलाई समेत गिरफ्तार गरेर डिसपी कार्यलय पुर्याइयो। पुष २५ गते डिएसपीको कोठामा अञ्चलाधीश ,सिडियो र डिएसपीसंग भेट गराइयो । सबै थुनिएको अवस्थामा थिए ।उनिहरुसंग सम्झौता भयो । हाम्रो जमिनको मुआब्जा दिनोस र नाप्नुस। तयार छौं। हामी रोक्दैनौ। डिएसपी तयार भए तर अञ्चलाधीश र सिडिओले मानेन । सिडियोले डिएसपी लाई भने- हतियार सहित केटाहरूलाई तयार पार । र बन्दिहरुलालाई तल झार्न भने । यिनिहरु थुनामा नै रहे।

यतातिर स्पष्टवक्ता, निर्भिक सत्यनारायण पाठक तत्कालीन पंचायती व्यवस्थाका पृष्ठपोषकहरुद्धारा जग्गाहरु हडपी पंचायती व्यवस्थाका जनकपुर धाम भन्दा बाहीरका ब्यक्तिहरुलाई जग्गामा घर बनाई दिने नीतिको विरुद्धमा सक्रिय नेतृत्व प्रदान गर्न थाले । अगाडि केटाकेटीहरु, त्यसपछि महिलाहरू अनि पुरुषहरुको क्रमबद्ध पंक्ति नाप नक्सा गर्न आउनेलाई रोक्न पहिले देखि नै तयार थियो । दलबल सहित प्रहरी

निरिहि अवस्थामा भागाभागमा परेर तिल्मिलाएको प्रहरी प्रशासन २०४५ साल पौष २६ गते भ्यानमा एक दुई सय जति प्रहरी जवान लिई गोलीगठ्ठा सहित सुसज्जित भई पुनः त्यहाँ पुगे। एकचोटी प्रशासनलाई लखेटीसकेका जनता आफ्नो जीविकोपार्जनका साधन खोसिन थालिएकोले पुनः सत्यनारायण पाठकको नेतृत्वमा जुरमुराएर उठे। त्यहाँ सत्यनारायण पाठक र प्र.जि.अ.का बीच पुनःवादविवाद चल्यो । सत्यनारायण पाठकले विवादका क्रममा भनेका थिए- "हान गोली- मेरो छाती अगाडी छ, यो गोलीले यो जग्गा खोस्न सक्ने छैन" यत्ति के भनेका थिए एकचोटी चोट खाइसकेका प्र.जि.अ. रन्थनिए र आफैले आफ्ना सुरक्षाकर्मीको पेस्तोल छिनी सत्यनारायण पाठक माथी गोली प्रहार गरे । नभन्दै गोली सत्यनारायण पाठकको निधारमा लाग्न पुग्यो । उनी ढले ।

उनी मारिएको खबर सुन्नासाथ उनी ढलेको देखि जनता आक्रोसित भई गोलीको वास्ता नराखि प्रहरी प्रशासन माथि डुङ्गा मुढा , झारु, टोकरी जे पायो त्यै लिएर महिला बालबच्चा लगायत सबै जाईलागे । अन्धाधुन्ध लाठीचार्ज, अश्रुग्यास , गोली फायरिगं हुन थाल्यो तर लोकप्रिय सत्यनारायण पाठकको अवस्था देखि गोली हातखुट्टा , पेट जहाँतही लागेतापनि आक्रोसित जनताले प्रशासन माथि जाइ लाग्न छोडेनन । अन्त्यमा केहि सीप नलागी सत्यनारायण पाठकको शबलाई पिकपमा हाली प्रशासन भाग्न सफल भयो ।

पाठक मारिएका खवर जनकपुरको जनकचौकमा रहेका नेविसंघका नेता ललन चौधरी, पंक्तिकार आफै प्रफुल्ल घिमिरे , जानकी सरण साह, अरुण झा, बलिराम झा लगायतका दर्जनौ यूवाहरुले सुन्नासाथ घटनास्थल पुग्दा त्यहाँ पाठकको शरीरबाट बगेको रगत आलै अवस्थामा देखे। सो रगतको टिका लगाउँदै घटना स्थलवाट नै उक्त युवाहरू पञ्चायति व्यवस्था मुर्दावाद भन्दै पिडारी गाउँ हुदै निस्क्यो उक्त जुलुशका साथ हजारौं हजार आम नागरिकहरु संलग्न हुदै गए। पिडारी, ज.चु.का.लि., मिल्सएरिया,भानुचौक शिवचौक हुँदै जनक चौक पुग्दा जानकी मन्दिर तर्फबाट आइरहेको अर्को जुलुस समेत यो जुलुसमा सामेल हुन पुग्यो ।

लाखौंको संख्यामा जुलुसमा रहेका आक्रोसित जनताले- पंचायती व्यवस्था मुर्दावाद, जग्गा लिन पाइदैन, पंचायते भरौटेलाई दिन पाइदैन, इत्यादि नारा लगाउँदै नगर परिक्रमा गर्दै जानकी मन्दिरको छेउमा रहेको प्रहरी चौकीमा समेत आक्रमण गरे । सोही जुलुशले तत्कालीन एस.पी. कार्यालय, डि.एस.पी. एंव सिडियो कार्यालयमा समेत ढुंगामुढा प्रहार गरे । १६ घण्टा सम्म प्रशासन विहीन बन्न पुगेको जनकपुर पंचायती प्रशासन माथि पूर्णरुपले आक्रोसित थियो ।

यता डिसपी कार्यलयमा बन्दिका रुपमा रहेकाहरुले गोलि चलेको र ज्ञानकुप बिधालयका बिद्यार्थी गोलि लागेर शहादत प्राप्त गरेको थाहा पाए। राती ११ बजेतिर यिनिहरुलाई एसपी कार्यालयमा पुर्याइयो। एसपीको गाडीले त्यहाँ रहेको पिकपमा सोझै लाइट बाल्यो। यिनिहरुले त्यो पिकपको तल चार पाँच टिन मट्टीतेल र चार पाँचवटा टायर राखिएको देखे । पिकपमा पाठकको शव थियो। पाँच सेलको टर्च पहिले बंजरग साहलाई अनि काली साहलाई र दिगम्बर रायलाई अन्त्यमा रामएकवाल साहलाई दिएर उक्त शवलाई चिनाउन लगाइयो । कसैले चिनेनन। हाफ सर्ट माथी रातो हाफ स्विटर लगाएका, कम्मरमा गम्छाले बाधेका धोती लगाएका अवस्थामा घोप्टो परेर रहेका थिए। पछाडिको टाउकोको भाग उडेको अवस्थामा राम एकवालले देख्दा अनुहार देखिदैन भने। तब प्रहरीलाई उल्टाउन लगाइयो । र पुन चिनाउन लगाइयो ।उनले चिनिन भने । सिडिओले भने तिमीहरूले माथीको लास हेरिहाल्यौ। बाल बच्चा , सम्पत्तिहरुलाई तिमीहरू पनि बिर्स । यो भन्दा रातको एक ढेढ बजेको थियो । बन बिभागको त्यहाँ अर्को पिकप खडा थियो। यिनिहरुलाई पिकपमा राखियो । र त्यहाँवाट लिएर हिड्यो। यिनिहरुको मुटुमा ढ्याङ्ग्रो बजन थाल्यो । तर पिकप जलेश्वर तिर मोडियो। जलेश्वर सिडियो कार्यलय पुर्याइयो। तीन साढे तीन बजेतिर जलेश्वर कारागारमा पुर्याइयो। यतातिर यी बन्दिहरुलाई पनि मारिएको जनकपुरमा व्यापक हल्ला फैलिसकेको थियो। भोलिपल्ट बिहान जलेश्वरका एकजनालाई खानाको समान मगाउदा मात्र उनिवाट जनककपुर वासिले यिनिहरु बाँचेका छन भनेर थाहा पाए ।

यता सोही राति विभिन्न जिल्लाबाट प्रहरी झिकाई जनकपुरको गल्ली गल्लीमा चोक चोकमा छ्याप्प-छ्याप्ती राखियो । अनि सत्यनरायण पाठकका पिता एवं सम्बन्धी नातेदारलाई मात्र झिकाई प्रशासनले गोप्य ढंगबाट रातमा करिब १२ बजे दाहा संस्कार गराए ।

यसको भोलिपल्ट पुस २७ गते राती १२ बजेतिर यिनिहरुलाई कारावासबाट निकालियो । प्रहरीको भ्यानमा राखियो । एसपी कार्यलय पुर्याइयो। एसपी कार्यलयमा अञ्चलाधीश , सिडियो,एसपी ,डिसपी, मकेश्वर सिंह सबै बसेका थिए। मकेश्वर बाबुसंग सम्झौता गर्न भनिएको थियो। तर उनले सम्झौता गर्ने ब्यक्तिहरु कारावासमा भएकोलेको संग सम्झौता गर्ने भन्दा यिनिहरुलाई निकालेर एसपी कार्यलय पुर्याइएको थियो। यिनिहरुलाइ सोधियो के गर्ने भनेर । तर यिनिहरुले मकेश्वर बाबुलाई जिम्मेवारी दिए। त्यसपछि यिनिहरुलाई मकेश्वर बाबुको गाडिमा घर घर पुर्याइयो।

सहादत दिएको दशौ दिन उता गर्भवती रहेकी सत्यनरायण पाठककी पत्नी गम्भीरा देवीले आफ्नो माइतमा छोराको जन्म दिइन । यसरी नेपालका कर्मठ निर्भिक स्पष्टवक्ता, प्रजातन्त्रवादी सत्यनरायण पाठक किसानका लागि एवं प्रजातन्त्रका संर्घषमा आफ्नो जीवनलाई शाहदत दिई योग्दान दिनु भएका कुरा चिर अविस्मरणीय छन । वहाँका पत्नी गम्भीरा देवी ज.न.पा.वा.नं.-८ मा ६ धुर जग्गामा सानो घर बनाई आफ्ना एक मात्र छोरा संजय पाठकका साथ आर्थिक विपन्नता पूर्ण अवस्थामा जिविका चलाइ रहनु भएको छ।

अन्त्यमा आफ्ना घर परिवार बालवच्चा प्रति केही नसोचेर नागरिकका अधिकार एंव लोकतन्त्र प्राप्तिका सँघर्षमा होमिएर बलिदान दिन पुगेका यस देशका एक सच्चा क्रान्तिकारी योद्धा पाठकबाट हामीले प्रेरणा लिई जनताको उत्थान गर्न सक्यौं भने हाल प्राप्त गन्तन्त्रका सार्थकता एवं वहाँ प्रति सच्चा श्रद्धाञ्जली ठहरीने छ ।

# नेपालको स्वास्थ्य प्रणाली भित्रका प्रश्नहरु?



मिलन घिमिरे

नेपालको स्वास्थ्य प्रणालीमा भएको सैदान्तिक र व्यवहारिक पक्षलाई अध्ययन गरिरहँदा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्दताहरु जस्तासुकै भएपनी मुख्य उद्देश्य भनेको विश्वव्यापी स्वास्थ्य कभरेज जसको अर्थ देशका प्रत्येक नागरिक गरिबीको कारण स्वास्थ्य उपचार नपाएर अकालमा मर्नु नपरोस् र स्वास्थ्य उपचार गर्दागर्दै लागेको खर्चको कारण गरिबीको रेखामुनी धकेलिनु पनि नपरोस् भन्ने हो।

यस सन्दर्भमा थाइल्याण्ड, स्विजरल्याण्ड, जर्मनी, स्वीडेन, जापान, सिंगापुर लगायतका विश्वव्यापी स्वास्थ्य कभरेजमा सफल भएका मुलुकहरुको कुरा त मैले गर्न चाहिन तर नजिकैको र केहिवर्ष अघि बराबर दाँजोमा रहेको मित्रराष्ट्र भारतले विश्वव्यापी स्वास्थ्य कभरेज पुरा गर्न राष्ट्रिय रणनीति तथा नीतिहरु बनाएर सन २०१९ साल यानेकि विगत ४ वर्षदेखि धेरैजसो स्वास्थ्य सेवाहरु इलेक्ट्रोनिक माध्यमबाट जस्तै टेलिमेडिसिन्, आर्टिफिसियल इन्टेलिजेन्स, इएमआर, इएचआर लगायतका प्रविधि प्रयोग गरेर सुरु, विस्तार तथा निरन्तरता गरिरहँदा साथै उसले सबै नागरिकको स्वास्थ्यको पहुँचको सुनिश्चितता मात्र होईन सन २०३५ सम्ममा देशको आर्थिक बृद्धिदर ५० प्रतिशतले बढाउने लक्ष्यसमेत राखेर अगाडि बढिरहेको छ। जुन विश्वका विकशित र धनी भनिएका राष्ट्रहरुले पनि आँट गर्न नसकेको देखिन्छ।

अब हामी आफ्नो ऐना हेरौं हाम्रो विश्वव्यापी स्वास्थ्य पहुँच पूरा गर्न कागजका पानामा प्रमाणित गरिएका विषयहरुमात्र अध्ययन गर्ने हो भने त प्रशंसनिय नै छ। जुन कुनै विकसित देशसँग पनि तुलना गर्नै सकिँदैन जस्तो लाग्छ। तर कार्यान्वयनमा भने पहिलो स्वास्थ्य नीति सन् १९९१ अनुसार तालिम, गोष्ठी, अभीमुखीकरण, समिक्षा, सेमिनार र विसं. २०४७ सालमा गरिएअनुरुपका स्वास्थ्यका दरबन्दी संरचनाको ढाँचामा कुनैपनि परिवर्तन नहुनु, देश संघीयतामा जाँदैगर्दा स्थानीय स्तरमा स्वास्थ्यका अवैज्ञानिक तवरले दरबन्दी सृजना हुनु साथै न्युनतम स्वास्थ्य सेवा पूरा हुने गरिका स्वास्थ्यका भौतिक संरचना नहुनु। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्दताहरु आधुनिक तरिकाले फेरिरहँदा र राज्यले सो सम्बन्धमा गरिएका प्रतिबद्दताहरु पुरा गर्नका लागि तयार गरिने कागजी रणनीति, नीति, कार्यविधि आधुनिक तरिकाले संसोधन र निर्माण भने भइरहने तर कामगर्ने शैलि पुरानैपारामा चलिरहेको नै देखिन्छ।

मेरो विचारमा यसको मुख्य कारण तथ्यमा आधारित योजना, जुन योजना सम्पन्न गर्नका लागी छुट्याइएको बजेट र सोहि बमोजिम गरिएको कार्यान्वयन सहि तवरले नहुनु नै हो। सहि योजना, बजेटिङका लागि सहि तथ्यांक तथा घटना जरुरी हुन्छ। देशको अर्थ मन्त्रालयले फाइनान्सियल म्यानेजमेन्ट इन्फर्मेसन सिस्टममार्फत रियल बेस्ड डाटा जसको अर्थ जतिखेर वा जुनसुकै समयको देशको आम्दानी, खर्च, ऋण, अनुदान, बचत जस्ता आर्थिक गतिविधिको लेखाजोखा राख्छ र सोहिबमोजिम अर्थ मन्त्रालयले राज्यको अकाउन्टिङ, प्लानिङ र बजेटिङ मा काम गरिरहेको छ भने सोहि प्रकृतिको प्रणाली हाम्रो संघीय स्वास्थ्य मन्त्रालयको नेतृत्वमा एचएमआइएस छ जसमा प्रत्येक नागरिकको प्रत्येक स्वास्थ्यसँग सरोकार हुने विषय वा घटनाहरु अभीलेखिकरण तथा प्रतिवेदन हुने गर्दछ।

यो एचएमआइएसलाई गुणस्तरिय बनाउने नाममा प्रत्येक वर्ष त्रैमासिक, अर्धवार्षिक, वार्षिक समिक्षा तथा अनसाइट कोचिङ कार्यान्वयनका लागि आवश्यक जनशक्ति व्यवस्थापन लगायतका नाममा अर्बौं बजेट बिनियोजन हुने र सोही बमोजिम खर्च हुने गर्दछ। तथापि हामीले यसबाट सिर्जित नतिजालाई आधार मानेर प्लानिङ र बजेटिङ गर्न किन सकिरहेका छैनौ? जसको बदलामा नेपाल डेमोग्राफिक हेल्थ सर्भे/ नेपाल हेल्थ फ्यासीलिटि सर्भे जस्ता एउटा सर्भेबाट आएको नतिजालाई आधार मानेर प्लानिङ, बजेटिङ र सोहिबमोजिम कार्यान्वयन गर्दै गर्दा कतै हाम्रो जस्तो ऋणै ऋणमा पिल्सिएको मुलुकका लागी विश्वव्यापी स्वास्थ्य कभरेज पुरा गर्न नसक्नुको ढुलो खाडल यहि नै त होइन? जसको कारण स्वास्थोपचार गर्ने क्रममा प्रत्येक वर्ष १-२ लाख नेपालि जनता गरिबिको रेखामुनि, हजारौ जनता पैसा तिर्न नसकेर अस्पतालमा बन्धक र ५० हजार जति जनता स्वास्थोपचार नपाएर मर्नु परिरहेको देखिन्छ।

यसै सन्दर्भमा माननिय स्वास्थ्य मन्त्रिज्युलाई यो लेखमार्फत म प्रश्न गर्न चाहन्छु की सन् २०२२ मा गरिएको एउटा सर्भेको नतिजालाई सन् २०२४ मा आएर सार्वजानिकिकरण गरेर हिँड्दै गर्दा हामी आफ्नो बारीको हरियो साग र फलेको पहेँलो फर्सिलाई बारिमै कुहिन दिएर विदेशी कम्पनीको भिटामिन ए क्यापसुल ऋण गरेर किनेर त खाँदैछैनौ? यदि यही र यस्ता प्रकृतिका सर्भेलाई नै आधार मानेर योजना र बजेट निर्माणमा सन् १९९६ देखिको निरन्तरतालाई अझै अंगिकार गरिरहने हो। एचएमआइएसको तथ्यांकलाई आधार मानेर योजना गर्न सकिन्न भने एचएमआइएस गुणस्तरका नाममा प्रत्येक वर्ष त्रैमासिक, अर्धवार्षिक, वार्षिक समिक्षा, तथा अनसाइट कोचिङ सोही कार्यान्वयनका लागि आवश्यक जनशक्ति व्यबस्थापन लगायतका क्रियाकलापमा बिनियोजन गरिने अर्बौं बजेट अन्य कुनै स्वास्थ्यका दिगो विकासका लक्ष पुरा गर्न बिनियोजन गरे हुन्न र? साथै बिरामि वा व्यक्ति छोएरमात्र सिप हासिल गर्ने वा दक्ष बनाउने प्रकृतिका तालिम बाहेकका अन्य तालिम, गोष्टि सेमिनार, अभिमुखिकरण जस्ता स्वास्थ्यसम्बन्धी क्रियाकलापहरुलाई आधूनिक भर्चुअल माध्यमद्दारा गरे हुन्न र?

*(लेखक जनस्वास्थ्य विषयमा स्नातकोत्तर तहमा अन्तिम वर्षमा अध्ययनरत छन्।)*

# देशको पहिचान नै मुख्य पहिचान रहेको नेता नेपालको भनाई




**टुडे समाचारदाता**

भजनी । नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले देशको पहिचानलाई जोगाउन समाजका सबै वर्ग लाग्नुपर्ने बताएका छन् । कैलालीको टीकापुरमा विहिबार सुरु भएको नागरिक उन्मुक्ति पार्टीको प्रथम राष्ट्रिय महाधिवेशनमा उनले देशको पहिचान जोगाउन सबैले लाग्नुपर्ने बताएका हुन् ।

"विहिबार यो वा त्यो भनेर पहिचानका 'एजेण्डा' बाहिर आउन थालेका छन् । त्यसले सिङ्गो देशको पहिचानलाई सङ्कटमा पुर्याउन सक्छ", पूर्वप्रधानमन्त्री नेपालले भने, "हामीले जात, धर्मको नाममा पहिचान खोज्नुभन्दा सिङ्गो देशको पहिचानलाई समेट्दै देशको समृद्धिका निम्ति लाग्नु अहिलेको आवश्यकता हो ।"

अध्यक्ष नेपालले गणतन्त्रका विरुद्धमा केही संयन्त्र लागेका बताउँदै देशको वर्तमान व्यवस्थालाई कसैले फेरबदल गर्न सक्दैन भने । "दलीय व्यवस्थाभन्दा निरङ्कुश एकदलीय व्यवस्था कदापि राम्रो हुन सक्दैन । विगतमा त्यहीँ व्यवस्था ढाल्नका लागि त्यत्रो आन्दोलन गर्नुपर्यो, बरु कुनै पार्टी ठीक नहोलान्, कुनै नेता ठीक नहोलान्, तर तिनको विकल्प अर्को पार्टी र अर्को नेता हुनसक्छ निरंकुश एकदलीय व्यवस्था हुन सक्दैन", उनले भने ।

विगतमा अधिकारका लागि भएका अप्रिय घटनाले ठूलो क्षति पुर्याएको बताउँदै अध्ष्क्ष नेपालले आगामी दिनमा त्यस्ता घटना हुन नदिनेतर्फ सधैँ सचते हुनुपर्नेमा जोड दिए ।

# श्रमिकको हितप्रति मन्त्रालय प्रतिबद्ध छ : श्रम मन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले श्रमिकको हितप्रति मन्त्रालय प्रतिबद्ध रहेको बताएका छन् ।

प्रतिनिधिसभा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको विहिबारको बैठकमा 'श्रमिकको हित विपरीत हुनेगरी श्रम मन्त्रालयले गरेका निर्णयसम्बन्धमा नीतिगत छलफलमा' मन्त्री भण्डारीले वैदेशिक रोजगारीमा जानुपूर्व अभिमुखीकरण तालिम, अङ्ग्रेजी भाषा तथा पोष्टपेड सिम अनिवार्यलगायत मन्त्रालयका निर्णय श्रमिकको हितप्रति रहेकामा स्पष्ट पारे ।

"गन्तव्य मुलुकमा जाने कामदार उक्त मुलुकको भाषा, मौसम, सेवा सुविधालगायत विषयमा जानकारी हुनुपर्छ । श्रमिकको सहजताका लागि अभिमुखीकरण तालिमलाई प्रभावकारी बनाउन, आधारभूत भाषा र सीपसम्बन्धमा जानकारी लिनुपर्ने व्यवस्था श्रमिकको हितलक्षित रहेको छ", मन्त्री भण्डारीले भने । उनले वैदेशिक रोजगारी प्रक्रियामा रहेका विचौलियाको अन्त्य नभएसम्म श्रमिकका समस्या बल्झिरहने बताउँदै डिजिटलाइजेसनलाई प्रभावकारी बनाउन आवश्यक रहेकामा जोड दिए ।

मन्त्रालयका सचिव केवलप्रसाद भण्डारीले शिक्षित, सीपयुक्त श्रमिक नभएकाले उनीहरुले विदेशमा झेल्नुपरेका समस्या समाधान गर्न मन्त्रालयले श्रमिकको हितका साथै सहजताका लागि निर्णय गरेको जानकारी दिए । स्वास्थ्यपरीक्षण नगरी प्रमाणपत्र दिलाउने एघार स्वास्थ्य संस्थालाई मन्त्रालयले प्रतिबन्ध गरेको जानकारी दिँदै उनले प्रारम्भिक भाषा तथा अभिमुखीकरण तालिममा हुनेगरेका



अनियमितताप्रति मन्त्रालय सजग रहेको र अनुगमन गरी प्रतिबन्द गरेको बताए ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापति तथा पूर्व श्रममन्त्री डोलप्रसाद अर्यालले समितिमा श्रमिकको हित विपरीत हुनेगरी श्रम मन्त्रालयले गरेका निर्णयसम्बन्धमा सम्बन्धित मन्त्रीसँग नीतिगत छलफल गर्ने गरी समितिको विहिबारको बैठक बसेको बताए ।

बैठकमा उपसभापति अर्यालले प्रति कामदार ४५ अमेरिकी डलर उठाउने गरी वैदेशिक रोजगार बोर्डले मलेसियाको निजी कम्पनी फरेन वर्कर्स वेलफेयर म्यानेजमेन्ट सेन्टरसँग गरेको सम्झौता, अभिमुखीकरण तालिम शुल्क वृद्धि, अनिवार्य अङ्ग्रेजी भाषा, पोष्टपेड सिम अनिवार्य, ई-७ भिसामा कोरिया पठाउन पैसा उठाउन थालिएको, वैदेशिक रोजगार कल्याणकारी कोषको रकम दुरुपयोग हुन लागिरहेकोलगायत विषय श्रमिकको हित विपरीत रहेको बताएका थिए ।

उनले प्रारम्भिक भाषा तथा अभिमुखीकरण तालिमको शुल्क दुई हजार एक सय र भाषा अध्ययन तथा प्रमाणपत्र परीक्षाको शुल्क सात सय निर्धारण गरिएकामा प्रशिक्षण नगराईकन प्रमाणपत्र वितरण भइरहेको जिकिर गर्दै मन्त्रालयले नियमन गर्नुपर्नेमा जोड दिए ।

समितिका सदस्यले अभिमुखीकरण तालिम आवश्यक रहेको भन्दै प्रभावकारी र पहुँचयोग्य हुनुपर्ने, सम्बन्धित निकाय श्रमिकप्रति जिम्मेवारी हुनुपर्ने, सम्बन्धित दूतावासलाई श्रमिकका समस्या सम्बोधनतर्फ जिम्मेवार बनाउनुपर्ने, वैदेशिक रोजगारीका समस्या तथा अवस्थाका सम्बन्धमा सचेतना अभिवृद्धि गर्नुपर्ने, नीति निर्णयमा सरोकारवाला पक्षलाई सहभागी गराउनुपर्ने, भाषाको विषय स्वच्छ बनाउनुपर्ने, कल सेन्टरलाई प्रभावकारी बनाउनुपर्ने लगायतका विषय उठान गरेको थियो ।

# वीर अस्पतालमा विरामीबाट गुनासो नआओस : प्रधानमन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' वीर अस्पताल स्वास्थ्य क्षेत्रको आधारस्तम्भ भएकाले उपचारका क्रममा बिरामीले गुनासो गर्ने अवस्था नआउने गरी काम गर्न निर्देशन दिएका छन् ।

प्रधानमन्त्री दाहालसँग चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स)का पदाधिकारीसँग विहिबार भएको छलफलमा दिनुहोला, उपचारका क्रममा उनीहरूले गुनासो गर्ने अवस्था आउनु भएन ।" वीर अस्पतालले परम्परागत तवरलेभन्दा पनि जनताले अनुभूत गर्नेगरी आफ्ना सेवा उपलब्ध गराउनुपर्नेमा उनले जोड दिए ।

कुलपति नियुक्ति प्रक्रियामा आफूले छलफल चलाएको उल्लेख गर्दै प्रधानमन्त्री 'प्रचण्ड'ले सम्बन्धित क्षेत्रकै विज्ञ कुलपति हुने व्यवस्था गरिने




उनले वीर अस्पतालबाट जनताले प्राप्त गर्ने सेवाबाट देशको स्वास्थ्य चित्र देखिने भएकाले पनि वीर अस्पतालको सेवा गुणस्तरीय र सुलभ हुनुपर्ने बताए ।

वीर अस्पतालले माग गरेको स्रोतसाधन उपलब्ध गराउन सरकार प्रयासरत रहेको उल्लेख गर्दै प्रधानमन्त्री 'प्रचण्ड'ले भने, "बिरामीलाई गुणस्तरीय सेवा विश्वास दिलाए ।

छलफलमा न्याम्सका उपकुलपति डा भूपेन्द्रकुमार बस्नेतले अस्पतालमा बिरामीको चाप अत्यधिक रहेको जानकारी गराउँदै वीर अस्पताललाई आवश्यक स्रोतसाधन उपलब्ध गराउन प्रधानमन्त्रीसँग आग्रह गरेको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ ।

# बढी भएको बिजुली निर्यात गर्छौं : ऊर्जामन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले आन्तरिक खपत गरेर बढी भएको बिजुली भारतलगायतका देशमा बिक्री गरिने बताएका छन् ।

राष्ट्रियसभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिको विहिबारको बैठकमा मन्त्री बस्नेतले राष्ट्रिय रुपमा खपत गरेर बढी भएको बिजुली बिक्री गरिने र त्यसका लागि सरकारले आवश्यक तयारी गरिरहेको बताए ।

मन्त्री बस्नेतले आगामी १२ वर्षमा २८ हजार पाँच सय मेगावाट विद्युत् उत्पादन हुने विश्वसनीय आधार समेत तयार भएको उल्लेख गरे । उनले सन् २०२३ देखि २०३५ सम्मको १२ वर्षे रणनीतिक योजना बनाएको र सोही योजना कार्यान्वयन गर्न सरकार, निजी क्षेत्रको साथ तथा सहयोगमा लक्ष्य हासिल गरिने स्पष्ट पारे ।

सरकारले तथ्यका आधारमा लक्ष्य निर्धारण गरेकाले सफल हुने र मुलुकलाई ऊर्जामार्फत समृद्धिको दिशामा अगाडि बढाउने योजना सुनाए । भारतसँग



१० वर्षमा १० हजार मेगावाट बिजुली निर्यातका लागि दुई देशका बीचमा सहमति भएको र त्यसका लागि आवश्यक पूर्वाधारसमेत बन्ने चरणमा रहेको उनको भनाइ थियो ।

राष्ट्रिय हित र आवश्यकतालाई ख्याल गरेर सरकारले द्विपक्षीय सम्झौता गरेको उल्लेख गर्दै उनले भारत, बङ्गलादेशलगायतका मुलुकमा नेपालको बिजुली पुग्ने स्पष्ट पारे । मन्त्री बस्नेतले मुलुकभित्रको आन्तरिक विद्युतीकरणका लागि नेपाल विद्युत् प्राधिकरणमार्फत आवश्यक प्रक्रिया अगाडि बढाइएको र आगामी डेढ वर्षभित्र आधारभूत रुपमा मुलुकलाई पूर्णरुपमा विद्युतीकरण गरिने बताए ।

समितिको बैठकमा ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले भारतसँग पछिल्लो पटक भएको सम्झौताबारे जानकारी दिँदै यसले मुलुकको आर्थिक विकास र उन्नयनका क्षेत्रका काम गर्ने विश्वास व्यक्त गरे । उनले यसको प्राविधिक तथा अन्य काम भने क्रमशः दुई देशका सचिवस्तरीय संयन्त्रले टुङ्गो लगाउँदै जाने धारणा राखे ।

डेडिकेटेड र ट्रङ्क लाइनको महसुलका सम्बन्धमा सांसदहरुले राख्नुभएको जिज्ञासाको जवाफमा उनले समस्या समाधानका लागि सरकारले विशेष पहल गरेको बताए । मन्त्रिपरिषद्ले सो समस्या समाधानका लागि आयोग गठन गरेको उनले जानकारी दिए ।

नेपाल विद्युत् प्राधिकरणका उपकार्यकारी निर्देशक मनोज सिलवालले प्राधिकरणको आफ्नै स्रोत परिचालन गरेरै भए पनि मुलकभर विद्यतीकरणका लागि अभियान नै चलाइरहेको बताए । उनले डेडिकेटेड र ट्रङ्क लाइन महसुलका सम्बन्धमा देखिएको समस्या समाधानका लागि प्राधिकरणका तर्फबाट अधिकतम प्रयास गरिएको जानकारी दिँदै मन्त्रिपरिषद्को पत्र प्राप्त हुने वित्तिकै काटिएका लाइन जोडिने विश्वास दिलाए ।

समितिको बैठकमा सांसदहरु रामचन्द्र राई, कुमार दसौदी, सोनाम ग्याल्जेन शेर्पा, गोपी अछामीलगायतले भारतसँग भएको पछिल्लो सहमति, मुलुकभर भइरहेको विद्युतीकरण, डेडिकेटेड र ट्रङ्क लाइन महसुल विवादलगायतका विषयमा जिज्ञासा राखेका थिए ।

समिति सभापति दिलकुमारी रावल थापाले सरकारले सम्पादन गरेका कामलाई सहजीकरण गर्नका बैठक आह्वान गरिएको र आवश्यक निर्देशनसमेत पठाइने बताए ।

# जनताले समृद्धिको अनुभूति गर्न पाउनुपर्ने सांसद दसौदीको भनाई

**टुडे समाचारदाता**

लुम्बिनी । रोल्पा घर भएका कुमार दसौदी राष्ट्रियसभाका सांसद हुनुहुन्छ । उनीको कार्यकाल आगामी फागुन २० गतेदेखि सकिँदैछ । त्यसैले उनी यसबीचमा आफूले संसदमा गर्न सकेका र नसकेका कामको स्वमूल्याङ्कन गर्न थालेका छन् ।

राष्ट्रियसभाको सांसदको रुपमा रहँदा दसौदी विभिन्न अनुभव वटुल्ने अवसर प्राप्त गरेको बताउछन् । "जनप्रतिनिधिले सिक्नुपर्ने र जान्नुपर्ने धेरै कुरा रहेछन्, त्यो अनुभूत गर्ने अवसर प्राप्त भयो", उनले भने । राष्ट्रियसभामा विभिन्न क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिको प्रतिनिधित्व हुनुपर्ने सांसद दसौदी बताउछन् । सबै पार्टीले त्यस्ता व्यक्तिलाई स्थान दिनुपर्ने उनी जोड दिन्छन् ।

"राष्ट्रियसभामा विज्ञता हालि गरेका व्यक्तिको प्रतिनिधित्व अहिले नै होला भन्ने विश्वास छैन", सांसद दसौदी भन्छन् । राष्ट्रियसभामा जनताको आवश्यकताअनुसारको प्रतिनिधित्व हुन नसकेको उनीको ठहर छ ।

"संसद् कानुन बनाउने थलो हो । तर यहाँ देश र जनताका पक्षमा आवश्यक कानुन बनाउने कार्य प्राथमिकतामा परेको छैन", सांसद दसौदीले भने । आफ्नो कार्यकालमा एउटा मात्र विधेयक राष्ट्रियसभाबाट पारित भएको उनी बताउछन् । सरकारले विधेयक ल्याउन नसकेको नेता दसौदीको गुनासो छ ।

रोजगारको व्यवस्था गर्ने तथा आयविहिबार्नको उपायबारे सरकारको ध्यान जान नसकेको सांसद दसौदी बताउछन् । नीति निर्माण गर्न सरकारको पटक्कै ध्यान नपुगेको उनीको गुनासो छ । "राष्ट्रियसभामा जनताका मुद्दा सम्बोधन गरिनु पर्छ", उनी भन्छन् ।

"राष्ट्रियसभा विभिन्न विधेयकबारे छलफल गर्ने र निर्णय लिने ठाउँ हो । सरकारको विरोध र समर्थनका कुरा पनि बेला बेलामा भइरहन्छन् । अन्तिममा विधेयक पारित भने सर्वसम्मत गर्ने गरिएको छ । यो नै



राष्ट्रियसभाको चरित्र हो", सांसद दसौदीले भने । राष्ट्रियसभामा हरेक क्षेत्रका विज्ञ तथा राजनीतिभन्दा फरक हिसाबले सोच्ने व्यक्तिको प्रतिनिधित्व हुनुपर्ने उनीको धारणा छ ।

"म राष्ट्रियसभामा आएपछि यस अवधिमा आएका विधेयकबारे आफ्नो सुझाव राखे । संसदमा सक्रियरुपमा सहभागिता जनाए", नेता दसौदीले भने । उनीको अनुभवमा प्रतिनिधिसभामा समझदारी र सहकार्य भन्दा पनि बहुमतको आधारमा निर्णय गर्ने गरेको पाइयो । यस्तो अवस्थामा देश र जनताको हितमा हुने गरी कानुन नबन्न पनि सक्ने उनीको बुझाइ छ ।

जनताको अपेक्षा जनजीविकाका सवाल, विकास निर्माण, स्वास्थ्य, शिक्षालगायत भए पनि उल्लेख्य सुधार हुन नसकेको सांसद दसौदीले बताए । "यस विषयमा राष्ट्रियसभामा कुरा उठाए । त्यहाँ जति तर्क बहस गरे पनि उल्लेख्य उपलब्धि हासिल भएको जस्तो लागेन", उनले भने । जनताका अपेक्षा असीमित भएकाले तिनलाई सम्बोधन गर्न सकिने जति एउटा जनप्रतिनिधिको हिसाबले सक्दो प्रयास गरेको नेता दसौदीले बताए । जनताका अपेक्षालाई प्राथमिकता निर्धारण गरेर सदनमा उठाउने तथा कानुन निर्माणमा सक्रिय भएको उनी बताउछन् ।

"जनतामा निराशा र असन्तुष्टि हुनु स्वभाविक हो । यद्यपि जनताले खोजेको विकास र समृद्धिका लागि सरकार तथा संसद प्रयासरत रहनुपर्छ", सांसद दसौदीले भने । हुर्कँदै गएको सङ्घीय लोकतान्त्रिक गणतन्त्र तथा सङ्घीयताप्रति जनताको अविश्वास र असन्तुष्टि देखिएको उल्लेख गर्दै उनले यसतर्फ सबै दल र जनप्रतिनिधिको ध्यान जानुपर्ने उनी बताउछन् ।

दलका नेताहरुले आफ्ना क्रियाकलाप सच्याउनुपर्ने सांसद दसौदीको सुझाव छ । समृद्धिका लागि उत्पादन मुख्य कुरा भएको उल्लेख गर्दै उनले उत्पादनलाई प्राथमिकता नदिए मुलुक समृद्ध हुन नसक्ने बताए । पर्यटन क्षेत्रको पूर्वाधार विकास, ऊर्जा र जलस्रोतको पूर्वाधार निर्माण गरेर विद्युत् व्यापार बढाउने, उद्योग कलकारखानामा सहज विद्युत् आपूर्तिसँगै औद्योगिक विकास, रोजगारी सिर्जना गर्ने, जलस्रोतमा लगानी गरी सिँचाइको व्यवस्था गरेर कृषि उत्पादन बढाउने तथा खनिज पदार्थको उत्खननजस्ता कार्यमा सरकारले ध्यान दिए मात्र मुलुक समृद्ध हुने नेता दसौदीको बुझाइ छ ।

"राजनीति नितान्त सेवा हो । तर यहाँ धेरैले यसलाई पेसाको रुपमा लिएका छन् । यसलाई सेवाको रुपमा ठानेर देश र जनताको सेवामा समर्पित हुने तथा देश बनाउन लाग्नुपर्ने हुन्छ । तबमात्र देश बन्छ", सांसद दसौदीले भने ।

# सहमतिबाट सङ्क्रमणकालीन विधेयक टुङ्ग्याउनुपर्छ : कानुन मन्त्री

**टुडे समाचारदाता**

काठमाण्डु । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक सहमतिमा समितिबाटै टुङ्ग्याउनुपर्ने बताएका छन् ।

प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिको विहिबारको बैठकमा उनले सकेसम्म सहमतिमै टुङ्ग्याउने नत्र प्रक्रियामा गएर भए पनि निष्कर्षमा पुर्याउने सहमति भएको बताए ।

"सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई टुङ्ग्याउन सहमति खोज्ने हो", मन्त्री गुरुङले भने, "सहमति हुनसकेन भने प्रक्रियामा जाने सहमति भएको छ तर सहमतिमै निष्कर्षमा पुर्याउने हो ।" उनले आठ-दश दिनमा उक्त विधेयकलाई टुङ्ग्याउने विषयमा राजनीतिक दलका शीर्षनेताहरूलाई पनि भेट्ने र सहमतिमा टुङ्ग्याउने विश्वास व्यक्त गरे ।

समितिका सभापति विमला सुवेदीको अध्यक्षतामा भएको बैठकमा नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले विस्तृत शान्ति सम्झौता भएको १७ वर्ष पूरा हुँदा पनि १० वर्ष सशस्त्र द्वन्द्वका पीडितले न्याय पाउन नसक्नु गम्भीर विषय भएको र सहमतिमा विधेयकलाई टुङ्ग्याउनुपर्ने बताए । यदि सहमति हुन नसकेको अवस्थामा प्रक्रियाबाट जानुपर्ने उनले बताए ।

बैठकमा नेकपा (एमाले) का सचेतक महेश बर्तौलाले विधेयकका असहमतिका विषयमा सहमतिमा टुङ्ग्याउन सकिने र सकिएनभने प्रक्रियाबाट पनि निष्कर्षमा पुर्याउन सकिने बताए । "विधेयकका असहमतिका विषय सहमतिमा टुङ्ग्याउन सक्छौँ, यदि सहमति भएन भने विधेयक निर्माणको आफ्नै प्रक्रिया छ", उनले भने ।

बैठकमा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलापसम्बन्धी विधेयकमाथिको विवादका विषयमा सकेसम्म सहमतिबाट र नभए बहुमतीय प्रक्रियाबाट अघि बढाउने विषयमा छलफल भएको हो ।

समितिका सदस्य सन्तोष परियार, रञ्जु ठाकुर, पूर्णबहादुर घर्ती, जीवन परियार, सोविता गौतम, नागिना यादव, सुशीला थिङलगायतले सकेसम्म सहमतिबाटै विधेयक समितिबाट पारित गर्नुपर्ने नभए प्रक्रियाबाट भए पनि पारित गरेर पीडितलाई न्याय दिनुपर्नेमा जोड दिएका थिए । उक्त विधेयकमा सत्य पत्ता लगाउने, न्याय, परिपूरण र सजायका विषयमा सहमति जुटाउने प्रयास भइरहेको छ ।

# एसइई खारेज नगर्न बोर्डको आग्रह

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय परीक्षा बोर्डले साविकको माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (एसइई) लाई कायमै राख्न प्रतिनिधिसभाको शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिसमक्ष आग्रह गरेको छ ।

विद्यालय शिक्षा विधेयक, २०८० माथि सुझाव दिने क्रममा वहिबार राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा महाश्रम शर्माले हाल सञ्चालन भइरहेको परीक्षालाई कायम राख्न र यसलाई प्रदेश सरकारबाट सञ्चालन गर्न सुझाव दिए । उनले हरेक दुई/दुई वर्षमा बाह्य परीक्षा हुनुपर्ने भएकाले कक्षा ८ पछि एकैपटक कक्षा १२ को परीक्षा लिने गरी राखिएको विधेयकको प्रस्ताव उचित नभएको बताए ।

कक्षा १० मा बोर्ड परीक्षा नलिँदा कक्षा १२ मा अनुत्तीर्ण विद्यार्थीको दर झन बढ्नसक्ने र अनुत्तीर्ण हुँदा विद्यार्थीमा मनोवैज्ञानिक असर पर्नसक्ने औँल्याउँदै शर्माले परीक्षाको स्तर र स्वीकार्यता नभएमा त्यसले अन्तर्राष्ट्रियस्तरमा मान्यता नपाउने भएकाले कानुन बनाउँदा त्यसमा ध्यान दिन आग्रह गरे । समितिको वहिबार सिंहदरबारमा बसेको बैठकमा बोर्डका पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक वैकुण्ठ अर्यालले पाठ्यक्रमलाई समयसापेक्ष परिमार्जनको प्रक्रिया जारी रहेको बताए । उनले स्थानीय तथा मातृभाषाका पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तह र शिक्षकको क्षमता विकास गर्नुपर्नेमा जोड दिए ।

महानिर्देशक अर्यालले पाठ्यक्रममा राष्ट्र, राष्ट्रियता र मूल्यमान्यताका विषयवस्तुलाई थप्नुपर्ने महसुस गरिएको उल्लेख गर्दै हरेक पाँच/पाँच वर्षमा पाठ्यक्रम अनिवार्य परिवर्तन हुने गरेको बताए ।

बैठकमा सांसदहरुले पाठ्यक्रमले विद्यार्थीलाई देशभक्तिको भाव, सीप र सक्षमता तथा रोजगारी दिन सक्नुपर्नेमा जोड दिँदै युवा विदेश पलायनका कारण कतै पाठ्यक्रम र परीक्षाको कमजोरी त होइन भन्ने प्रश्नमा अनुसन्धान गर्न माग गरे । उनीहरुले सरुवा रोगको सचेतना, ट्राफिक नियम, सामाजिक, सांस्कृतिक र धार्मिक मूल्य, मान्यताका विषयलाई पाठ्यक्रममा समावेश गर्न पनि आग्रह गरे ।

# इजराइलमाथि नरसंहार महासन्धिको उल्लङ्घन गरेको आरोप

**एएफपी**

दि हेग । दक्षिण अफ्रिकाले बिहीबार इजराइलमाथि संयुक्त राष्ट्रसङ्घीय नरसंहार महासन्धिको उल्लङ्घन गरेको आरोप लगाएको छ । अक्टोबर ७ मा हमासले गरेको घातक हमलाले पनि त्यस्ता कथित कार्यहरूलाई औचित्य पुष्टि गर्न नसक्ने उसले बताएको छ ।

प्रिटोरियाले इजराइललाई उसको सैन्य कारबाही 'तत्काल निलम्बन' गर्न बाध्य बनाउनका लागि अन्तर्राष्ट्रिय न्यायालय (आइसिजे) मा तत्काल अपिल गरेको छ । इजराइलले उक्त मुद्दालाई 'आततायी' र 'हास्यास्पद' भन्दै अस्वीकार गरेको छ र शुक्रबार प्रतिरक्षा गर्ने बताएको छ ।

"राज्यको क्षेत्रमा कुनै पनि सशस्त्र हमला जति नै गम्भीर नै किन नहोस्, महासन्धिको उल्लङ्घनलाई औचित्य प्रदान गर्न सक्तैन वा त्यसको बचाउ गर्न सक्तैन", प्रिटोरियाका न्यायमन्त्री रोनाल्ड लामोलाले भन्नुभयो, "अक्टोबर ७ को हमलालाई लिएर इजराइलको प्रतिक्रियाले यो सीमालाई पार गरेको छ र महासन्धिको उल्लङ्घनलाई जन्म दिएको छ ।"

हमासले इजराइली क्षेत्रमा अभूतपूर्व हमला गरेपछि युद्ध सुरु भएको हो । आधिकारिक आँकडाका आधारमा एएफपीका अनुसार हमासको आक्रमणमा अधिकांश सर्वसाधारणसहित करिब एक हजार एक सय ४० जना मारिएका थिए । हमासद्वारा सञ्चालित गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजराइलले लगातार गरेको सैन्य कारवाहीमा अधिकांश महिला तथा बालबालिकासहित गाजामा कम्तीमा २३ हजार तीन सय ५७ को मृत्यु भएको छ ।

गाजा र इजराइलमा मृत्यु र विनाशभन्दा टाढा हेगस्थित पिस प्यालेसमा वकिलहरूले प्राविधिक कानूनी दलिलका साथ यसको मुकाबिला गरेका छन् ।

इजराइलले राष्ट्रसङ्घीय नरसंहार महासन्धिअन्तर्गत आफ्ना प्रतिबद्धताहरू तोडेको दक्षिण अफ्रिकाले तर्क दिएको छ । सन् १९४८ मा उक्त महासन्धिमा हस्ताक्षर गरिएको थियो ।



"इजराइलको बमबारी अभियानको उद्देश्य 'प्यालेस्टिनी जीवनको विनाश' थियो र यसले प्यालेस्टिनीहरूलाई ' अकालको अवस्थामा' पुर्याएको थियो", दक्षिण अफ्रिकाका वरिष्ठ वकिल अदिला हासिमले भन्नुभयो, "नरसंहार कहिले पनि अग्रिम घोषणा गरिँदैन तर यस अदालतमा विगत १३ साताको प्रमाणहरूको लाभ छ जसले नरसंहार कृत्यको प्रशंसनीय दावीलाई न्यायोचित ठहराउने आचरणको ढाँचा र सम्बन्धित मनसाय देखाउँछ ।"

सन्धिको सही हस्ताक्षरकर्ताका रूपमा दक्षिण अफ्रिकाले इजराइललाई आइसिजे लैजान सक्छ । आइसिजेले मुलुकहरूबिचको विवादमा नियमन गर्दछ र यसलाई प्राय ' विश्व अदालत' भनेर वर्णन गरिन्छ ।

सत्ताधारी अफ्रिकी राष्ट्रिय कांग्रेस (एएनसी) लामो समयदेखि प्यालेस्टिनी मुद्दाको दृढ समर्थक रहेको छ । इजराइलसँग सहयोगी सम्बन्ध भएको एएनसीले प्यालेस्टिनी मुद्दालाई प्राय श्वेत-अल्पसङ्ख्यक सरकारविरुद्ध आफ्नै सङ्घर्षसँग जोडेको छ ।

दक्षिण अफ्रिकाले इजराइलमाथि नरसंहारको आरोप लगाउने 'विशेष जिम्मेबारी' लाई स्वीकार गरेको छ । उसले गाजामा युद्धलाई प्रभावित गर्ने हमासको हमलाहरूको 'स्पष्टरूपमा' निन्दा गरेको छ ।

### आततायी र हास्यास्पद

इजराइली राष्ट्रपति इसाक हर्जोगले पहिलाा नै आफ्नो मुलुकको सम्भावित बचाउको सङ्केत दिनुभएको छ । उहाँले उक्त मुद्दालाई 'आततायी र हास्यास्पद दावी' भन्नुभएको छ ।

"हामी अन्तर्राष्ट्रिय मानवीय कानूनअन्तर्गत आत्मरक्षा प्रयोग गर्ने हाम्रो मुद्दा गर्वका साथ प्रस्तुत गर्नेछौं", उहाँले भन्नुभयो, "कुनै अप्रत्याशित परिणाम नहोस् र कुनै नागरिक हताहत नहोउन् भन्ने सुनिश्चित गर्नका लागि इजराइली सेनाले जटिल परिस्थितिमा आफ्नो सर्वश्रेष्ठ प्रयास गरिरहेको छ ।"

अमेरिकाले आफ्नो सहयोगी इजराइलको समर्थन गरेको छ । विदेश मन्त्रालयले दक्षिण अफ्रिकाले लगाएको आरोपलाई 'आधारहीन' भनेको छ । विदेश मन्त्रालयका प्रवक्ता म्याथ्यु मिलरले भन्नुभयो, "वास्तवमा यी ती मानिस हुन् जसले इजराइलमाथि हिंसात्मक हमला गरिरहेका छन् र खुलारूपमा इजराइलको विनाश तथा यहुदीहरूको सामूहिक हत्याको आह्वान गरिरहेका छन् ।"

यो एक अत्यावश्यक प्रक्रिया भएकाले आइसिजेले केही सातामा फैसला सुनाउन सक्छ । उसको फैसला नै अन्तिम हुनेछ र त्यसमा पुनरावेदन गर्न सकिँदैन । यद्यपि मुलुकहरूले सधैं अदालतको फैसला पालना गर्दैनन् । उदाहरणका लागि आइसिजेले रुसलाई युक्रेनमाथि आक्रमण रोक्न आदेश दिएको छ ।

यद्यपि इजराइलविरुद्ध अदालतको फैसलाले निश्चितरूपमा ऊमाथि राजनीतिक दबाब बढाउने छ । फैसलाले प्रतिबन्धको बहानाको रूपमा काम गर्न सक्ने धेरैले अनुमान गरेका छन् ।

लिडेन विश्वविद्यालयमा सार्वजनिक अन्तर्राष्ट्रिय कानूनका सहायक प्रोफेसर सेसिली रोजका अनुसार अदालतले यो स्तरको मुद्दाको आधारभूत सिद्धान्तमा फैसला गर्नुपर्दैन र सम्भवतः मुद्दाले वर्षौं समय लिनेछ । "बरु अदालतले विशेषगरी प्यालेस्टिनीहरूको समूहका रूपमा उनीहरूको अस्तित्वलाई खतरामा पार्ने कार्यबाट सुरक्षित हुने अधिकारलाई लिएर नरसंहार महासन्धिअन्तर्गत राखिएको अधिकारहरूमा अपूरणीय पूर्वाग्रहको जोखिम छ कि छैन भनेर मात्र मूल्याङ्कन गर्नेछ", उहाँले भन्नुभयो ।

# गौतम बुद्ध क्रिकेट रङ्गशाला बनाइने

**टुडे समाचारदाता**

चितवन । धुर्मुस-सुन्तली फाउण्डेसनले निर्माण प्रारम्भ गरेर छाडेको गौतम बुद्ध क्रिकेट रङ्गशाला तीन तहका सरकारको संयुक्त लगानीमा बन्ने भएको छ । सङ्घीय सरकारले बागमती प्रदेश सरकारसँगको साझेदारीमा रङ्गशाला बनाउन भरतपुर महानगरपालिकालाई सहमति दिएसँगै संयुक्त लगानीमा बन्ने भएको हो ।

भरतपुर महानगर प्रमुख रेनु दाहालका अनुसार सङ्घीय सरकारको मङ्गलबार बसेको मन्त्रिपरिषद् बैठकले सहमति प्रदान गरेको हो । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको र लिज ऐनअन्तर्गत रङ्गशालाले जग्गा लिनुपर्ने भएकाले मन्त्रिपरिषद्को बैठकबाट सहमति लिनुपरेको उनले बताए ।

प्रमुख दाहालका अनुसार उक्त आयोजना सम्पन्न गर्न सङ्घीय सरकारले समेत अनुदानका रूपमा बजेट उपलब्ध गराउने छ । रङ्गशालाका लागि यसअघि सट्टाभर्नामा जग्गा लिने सहमति भएकामा अहिले सो प्रावधान नरहेपछि लिज ऐनअन्तर्गत ४० वर्षका लागि रङ्गशालालाई जग्गा लिन मन्त्रिपरिषद्ले सहमति दिएको छ । त्रिभुवन विश्वविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालयसँग भरतपुर महानगरपालिकाले जग्गाको सम्झौता गरी रङ्गशालाको काम अघि बढाउन लागेको उनले बताए ।

महानगरसँग प्रदेश सरकारले पहिलो चरणमा रु ७५ करोड बराबरको काम गर्ने गरी सहमति भएको थियो । तर भरतपुर महानगरपालिकाले तयार गरेको योजनाअनुसार राष्ट्रियस्तरका खेल खेल्न मिल्ने बनाउन रु एक अर्ब लाग्ने प्रमुख दाहालले जानकारी दिए । पहिलो चरणमा खेलमैदान र प्यारापिटलगायतका काम सम्पन्न गरेर खेल खेल्न मिल्ने बनाइने उनको भनाइ छ ।

प्रदेश सरकारले ७० प्रतिशत लगानी गरेसँगै रकम अभाव भए सङ्घीय सरकारको अनुदान लिएर महानगरपालिकाले थप गरी रङ्गशाला बनाउने तयारी गरिएको हो । प्रमुख दाहालका अनुसार प्रदेश सरकारको बजेट सुनिश्चिततासँगै बहुवर्षीय ठेक्का लगाएर काम गरिने छ ।

धुर्मुस-सुन्तली फाउण्डेसनले रु १९ करोड ऋण लागेको भन्दै दुई वर्षअघि निर्माणको काम छाडेको थियो । त्यसपछि रङ्गशाला निर्माण कार्य अलपत्र बनेको छ । महानगरपालिकाले उक्त आयोजनालाई महानगरको महत्त्वपूर्ण आयोजनाको रूपमा लिएको छ । महानगरका उपप्रमुख चित्रसेन अधिकारीले सङ्घीय सरकारले अनुमति दिएसँगै अब कामले गति लिने बताए ।

# आर्मीलाई हराउँदै गण्डकी तेस्रो



**टुडे समाचारदाता**

सुर्खेत । सुर्खेतमा जारी राष्ट्रिय भलिबल प्रतियोगितामा विभागीय टोली आर्मीलाई पराजित गर्दै गण्डकी प्रदेशले तेस्रो स्थान हासिल गरेको छ । विहिबार भएको खेलमा गण्डकीले आर्मीलाई ३-१ को सेटमा पराजित गरेको हो । यसअघि समूह चरणको खेलमा गण्डकी आर्मीसँग ३-० को सोझो सेटमा पराजित भएको थियो ।

पहिलो सेट गण्डकीले २५-२२ अङ्कले जित्यो । दोस्रो सेट रोमाञ्चक र प्रतिस्पर्धात्मक बन्यो । उक्त सेटमा आर्मी २६-२४ अङ्कले विजयी भयो । तेस्रोमा गण्डकीले २६-२४ अङ्कले बाजी मार्यो । २४-२४ अङ्कको बराबरी भएको अवस्थमा गण्डकीका स्पाइकर रवि केसीले लगातार दुई अङ्क दिलाएपछि जित सहज भयो । चौथो सेटमा गण्डकी पूर्णरूपमा आफ्नो नियन्त्रणमा राख्न सफल भयो । उक्त सेट गण्डकीले २५-२२ अङ्कले जित्यो ।

विहिबारनै उपाधिका लागि दुई विभागीय टोली एपिएफ क्लब र नेपाल पुलिस क्लबबीच प्रतिस्पर्धा भएको छ । एपिएफले गण्डकीलाई तथा पुलिसले आर्मीलाई सोझो सेटमा पराजित गर्दै फाइनलमा भेट पक्का गरेका हुन् ।

# पपुवा न्यू गिनीमा भएको हिंसामा १५ जनाको मृत्यु

**एएफपी**

पोर्ट मोरेस्बी । हिंसामा १५ जनाको मृत्यु भएपछि पपुवा न्यू गिनीका प्रधानमन्त्रीले बिहीबार 'अराजकता' विरुद्ध कडा कदम चाल्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।



बुधबार साँझ राजधानी पोर्ट मोरेस्बीमा सैनिक, प्रहरी अधिकारी र जेलगार्डको एक समूहले सरकारविरुद्ध प्रदर्शन सुरु गरेपछि हिंसा भड्किएको थियो ।

राजधानीबाट उत्तरतर्फ करिब ३०० किलोमिटर टाढा रहेको लाए सहरमा दङ्गा भड्किएको हो ।प्रधानमन्त्री जेम्स मारापेले बिहीबार देशसँग माफी माग्दै 'अराजकता' को उत्पत्ति 'सह्य नहुने' बताउनुभएको छ ।

उहाँले भन्नुभयो, "यो जति मेरो देश हो त्यति नै तपाईंको देश हो कानुन भङ्ग गर्दैमा कुनै परिणाम प्राप्त हुँदैन ।"प्रहरी आयुक्त डेभिड म्यानिङले नागरिक अशान्तिका कारण कम्तीमा १५ जनाको मृत्यु भएको पुष्टि गर्नुभएको छ ।

पोर्ट मोरेस्बीको सबैभन्दा ठूलो अस्पतालले गोली लागेर घाइते भएका २५ जनाको उपचार गरेको एएफपीलाई उपलब्ध गराइएको विवरणमा उल्लेख छ ।

एएफपी टिभीको फुटेजमा राजधानीका पसलहरूमा लुटेराहरू पसेको, सामान किन्दा प्रयोग गरिने ट्रली र प्लाष्टिकका बाल्टिनहरूमा लुटेका सामानहरू कार्डबोर्ड बक्समा भरी लिएर गएका देख्न सकिन्छ ।

एएफपी टिभीको फुटेजअनुसार भवन र कारहरूमा आगजनी गरिएको छ, जसले शहरका सबैभन्दा बढी प्रभावित भागहरूमा कालो धुवाँको बाक्लो मुस्लो उडेको देखिन्छ ।

पोर्ट मोरेस्बीस्थित अमेरिकी दूतावासले लुटेरा समूहलाई तितरबितर पार्न प्रहरीले प्रयास गर्दा आफ्नो कम्पाउण्ड नजिकै गोली चलेको जनाएको छ ।

यसअघि पोर्ट मोरेस्बीस्थित प्रधानमन्त्रीको कार्यालय बाहिर सानो भीड जम्मा भएको र पार्किङ गरिएको प्रहरीको गाडीमा आगजनी गरेको थियो ।

बेइजिङले पपुवा न्यू गिनीको सरकारसमक्ष दङ्गामा सहभागीहरूले चिनियाँ स्वामित्वका व्यवसायिक केन्द्रलाई निशाना बनाएको रिपोर्टपछि उजुरी दर्ता गरेको छ ।

पोर्ट मोरेस्बी निवासी तथा पपुवा न्यु गिनी विश्वविद्यालयका अर्थशास्त्रका प्राध्यापक माहो लाभेलले बिहीबार साँझसम्ममा शान्ति बहाली भएको बताउनुभयो ।

उहाँले एएफपीसँग भन्नुभयो, "प्रहरी र सर्वसाधारणले लुटेराहरूलाई लखेटेका छन् र उनीहरूले जलिरहेका भवनको आगो निभाई थप क्षति हुनबाट रोकेका छन् ।

# भारतीय रक्षामन्त्री र बेलायती प्रधानमन्त्रीबीच छलफल



**एएनआई**

लन्डन । भारतीय रक्षामन्त्री राजनाथ सिंह र बेलायतका प्रधानमन्त्री ऋषि सुनकवीच बुधबार भेटवार्ता भएको छ ।

दुई नेताहरूले रक्षा, आर्थिक सहयोगलगायत विश्व शान्तिका विषयमा स्थिर विश्वव्यापी नियममा आधारित व्यवस्थालाई सुदृढ पार्न भारत र बेलायतले मिलेर कसरी काम गर्न सक्छन् भन्ने विषयमा छलफल गर्नुभएको बताइएको छ ।

भारतीय रक्षामन्त्री सिंहले बेलायतका प्रधानमन्त्री सुनकसँग लन्डनमा धेरै सान्दर्भिक भेट भएको बताउँदै विभिन्न मुद्दाहरूमा छलफल भएको उल्लेख गर्नुभयो ।

यसअघि, रक्षा मन्त्री सिंहले बेलायतका विदेश सचिव डेभिड क्यामरूनसँग दुई राष्ट्रबीचको सम्बन्धलाई बढावा दिने विषयमा गहन छलफल गर्नुभएको थियो ।

सिंहले उहाँका बेलायती समकक्षी ग्रान्ट शाप्सले लन्डनको ट्रिनिटी हाउसमा भारत-लण्डन रक्षा उद्योगका उच्च अधिकारीसँग गोलमेच सम्मेलनमा भाग लिनुभएको थियो ।

बेलायतका रक्षा सचिव शप्सले भन्नुभयो, "विश्वमा विवाद बढ्दै गएको अवस्थामा भारतजस्ता प्रमुख साझेदारसँग रणनीतिक सम्बन्धलाई निरन्तरता दिनु अत्यावश्यक छ । यसैगरि समान सुरक्षा चुनौतिहरूमा सहकार्य गर्दै स्वतन्त्र र समृद्ध इन्डो-प्यासिफिक कायम राख्ने प्रतिबद्धतासमेत गरिएको छ ।"

# लामिछाने निलम्बित

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल क्रिकेट सङ्घ (क्यान)ले नेपाली राष्ट्रिय क्रिकेट टोलीका खेलाडी एवं पूर्वकप्तान सन्दीप लामिछानेलाई निलम्बन गरेको छ । काठमाडौं जिल्ला अदालतले जबरजस्ती करणी मुद्दामा निजलाई दोषी ठहर गरी सजाय निर्धारण गरेकाले घरेलु तथा अन्तर्राष्ट्रिय खेलबाट निलम्बन गरिएको क्यानका अध्यक्ष चतुरबहादुर चन्दले आज एक विज्ञप्ति निकालेर बताएका छन् ।



जिल्ला अदालत काठमाडौँले बलात्कार मुद्दामा दोषी ठहर भएका क्रिकेटर सन्दीप लामिछानेलाई बुधबार आठ वर्ष जेल सजाय, जरिवाना र क्षतिपूर्ति गरी रु पाँच लाख भराउने फैसला सुनाएको थियो । न्यायाधीश शिशिरराज ढकालको इजलासले उक्त सजाय सुनाएको हो । यही पुस १३ गते 'गौशाला-२६' लाई बलात्कार गरेको अभियोगमा लामिछानेलाई अदालतले दोषी ठहर गरेको थियो ।

अदालतले लामिछानेलाई आठ वर्ष कैद रु तीन लाख जरिवाना र रु दुई लाख क्षतिपूर्ति निर्धारण गरेको छ ।

# खाद्यान्न सम्झौता पुन: लागु हुने कुनै सम्भावना छैन : रूसी उपप्रधानमन्त्री

**एएफपी**

मस्को । रूसका उपप्रधानमन्त्री भिक्टोरिया अब्रामचेन्कोले रूसले 'ब्ल्याक सी ग्रेन इनिसियटिभ'को नवीकरण गर्ने कुनै सम्भावना नदेखेको बताउनुभएको छ ।

अब्रामचेन्कोले स्थानीय मिडियासँग एक साक्षात्कारमा भन्नुभयो, "समुद्री रसद, फ्रेट, बीमा, र रूसी कृषि बैंकलाई स्विफ्ट भुक्तानी प्रणालीमा जोड्ने खाद्यान्न सम्झौता कार्यक्रमको दोस्रो भाग कार्यान्वयनमा आउने कुनै सकारात्मक परिवर्तनहरू देखिँदैन ।"

उहाँले रूसी कुटनीतिक विभागले खाद्यान्न सम्झौतामा काम जारी राखेको तर यसलाई पुनः सुरु गर्ने सम्भावना निकै कम रहेको बताउनुभयो ।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले सम्झौताको मुख्य लक्ष्य अफ्रिकीलगायत खाँचोमा परेका देशहरूलाई खाद्यान्न आपूर्ति गर्ने रहेको तर रूससँगको सम्झौताका शर्तहरू पूरा नभएको बताउनुभएको छ ।

जुलाई २२, २०२२ मा गरिएको 'ब्ल्याक सी ग्रेन इनिशिएटिभ' सम्झौताको समग्र कार्यक्रम रूस, टर्की, युक्रेन र संयुक्त राष्ट्रसङ्घका प्रतिनिधिहरूद्वारा हस्ताक्षर गरिएको सम्झौता हो ।

सम्झौताले 'ब्ल्याक सी' मार्फत रूस र युक्रेनबाट खाद्यान्न र मल निर्यात गर्न अनुमति दिन्छ । मस्कोले जुलाई १७, २०२३ मा सम्झौतामा आफ्नो सहभागिता स्थगित गर्दै सम्झौतामा उल्लेखित रूसी माग पूरा हुने बित्तिकै सम्झौतामा फर्कने बताउँदै आएको छ ।

# इजरायलको गाजा कब्जा गर्ने लक्ष्य छैन : प्रधानमन्त्री नेतन्याहू

**सिन्ह्वा**

जेरूसेलम । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले गाजामाथिको कब्जा कायम राख्ने वा प्यालेष्टिनी सर्वसाधारणलाई विस्थापित गर्ने इजरायलको कुनै मनसाय नरहेको बताउनुभएको छ ।

प्रधानमन्त्री नेतन्याहूले गाजा पट्टीमा प्यालेस्टिनीहरूको कथित नरसंहारको बारेमा हेगस्थित अन्तर्राष्ट्रिय अदालतमा सुनुवाइ सुरु हुनुभन्दा एक दिन अघि उक्त टिप्पणी गर्नुभएको हो ।



नेतन्याहूले भन्नुभयो, "इजरायलको गाजालाई स्थायी रूपमा कब्जा गर्ने वा त्यहाँका नागरिकलाई विस्थापित गर्ने कुनै मनसाय छैन भन्ने कुरा म स्पष्ट पार्न चाहन्छु ।"उहाँले गाजामा इजरायलले गरेको बमबारी हमासका लडाकूहरुलाई लक्षित गरी गरिएको र हामीले अन्तर्राष्ट्रिय कानुनको पूर्ण पालना गर्दै यस्तो गरिरहेको बताउनुभएको छ ।

नेतन्याहूले भन्नुभयो, "इजरायली सेनाले नागरिक हताहत कम गर्न सक्दो प्रयास गरिरहेको छ भने हमासले प्यालेस्टिनी नागरिकलाई मानव ढालको रूपमा प्रयोग गरेर उनीहरूलाई अधिकतम बलियो बनाउन सक्दो प्रयास गरिरहेको छ ।"हाम्रो लक्ष्य गाजालाई हमासका ' आतङ्ककारी' लडाकूहरूबाट मुक्त गर्नु र हाम्रा बन्धकहरूलाई मुक्त गर्नु हो," उहाँले भन्नुभयो ।

अक्टोबर ७ मा हमासले अचानक आक्रमण सुरु गरेयता सयौं हमास लडाकू र गाजावासीले दक्षिणी समुदायमा आक्रमण गर्दा प्रारम्भिक आक्रमणमा ७९० सर्वसाधारणसहित इजरायलमा करिब एक हजार २०० व्यक्तिको मृत्यु भएको थियो ।

हमासले २५३ जनालाई बन्धक बनाएको थियो भने गाजामा १३२ जना अझै पनि रहेका छन् । यसैबीच, हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले जारी विज्ञप्तिमा इजरायली आक्रमणबाट प्यालेस्टिनीहरूको मृत्यु हुनेको संख्या २३ हजार ३५७ पुगेको र गाजाको २३ लाख जनसङ्ख्यामध्ये करिब १९ लाख विस्थापित भएको जनाएको छ ।

# तरकारीबालीमा डढुवा रोगको जोखिम

**टुडे समाचारदाता**

सुदूरपश्चिम । शीतलहरसँगै बढेको चिसोले कैलाली, कञ्चनपुरसहितका जिल्लाको जनजीवन कष्टकर बनेको छ। लगातारको हुस्सु, कुहिरो एवं जाडोले जनजीवन कष्टकर बनेको हो । विशेषगरी चिसोबाट वृद्धवृद्धा, बालबालिका र दैनिक मजदुरी गरेर जीविका चलाउने बढी प्रभावित भएका छन् ।

प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले चिसो बढेपछि सार्वजनिकस्थलमा आगो ताप्न चाहने सर्वसाधारणका लागि दाउराको व्यवस्थापन गर्न मातहतका वन कार्यालयलाई निर्देशन दिएको छ।



**तरकारी बालीमा डढुवाको जोखिम**

शीतलहरका कारण डढुवा रोगले आलु, गोलभैंडा लगायत तरकारी बालीमा समस्या देखिएको छ । "तीन दशक अघिसम्म यस्तो समस्या थिएन, जलवायु परिवर्तनका कारण यस्तो समस्या देखिएको हुनसक्छ", कैलालीका किसान नारायण चौधरीले भने, "आलु गोलभैंडाको व्यावसायिक खेतीमा लागेकालाई यो रोगले निरुत्साहित बनाएको छ।" जिल्लामा तरकारी खेती व्यावसायिक खेतीको क्षेत्रफल विस्तार हुँदै गए पनि बर्सेनि पुस महिनामा देखिने डढुवा रोगको समस्याबाट बाली जोगाउन मुस्किल हुने गरेको उनको अनुभव छ।

किसान वीरबहादुर चौधरीले भने, "पैसा हुनेले विषादी किनेर आलु, गोलभैंडा बालीमा छर्किन थालेका छन्, पैसाको अभावमा औषधि छर्किन नपाउनेले बालीले दिने उत्पादनको आसा मारेका छन् ।" यो रोगबाट जोगाउन कतिपय किसानले 'टनेल' बनाएर गोलभैंडालगायतको तरकारी बालीको खेती गर्ने गरेका पनि छन् । टनेलको व्यवस्थापन गर्न नसक्नेले विषादी छर्किनुपर्ने हुन्छ।

प्रत्येक सात/आठ दिनको फरकमा ढुसीनाशक विषादी छर्किन सकेमा मात्र बाली जोगाउन सकिने सल्लाह कृषि प्राविधिकको छ। डढुवाको जोखिम बढेपछि धेरै किसान यति बेला विषादी छर्किन थालेका छन् । हप्ता दिनको फरकमा विषादी छर्किनुपर्दा आलु गोलभैंडालगायतको बालीको उत्पादन लागत खर्च बढ्ने गर्छ । एउटै बालीमा पटक पटक विषादी किनेर छर्किनका लागि कमजोर आर्थिक अवस्था भएकालाई बाली जोगाउनै मुस्किल हुने गरेको साना र विपन्न किसानको भनाइ छ। पटक पटक विषादी छर्किदा लागत खर्च धेरै पर्ने गरेको गुनासो उनीहरुको छ ।

रातिको तापक्रम तीन डिग्री सेल्सियसभन्दा तल जाने र आद्रता बढ्न गई शीत पर्ने र चिसो मौसमको सुषुप्त अवस्थामा रहने ढुसी सक्रिय हुने भई बोटमा डढुवा रोगको सङ्क्रमणको समस्या देखिने गरेको कृषि प्राविधिक बताउँछन् । यो रोग लागेमा आलु, गोलभैंडाको पात, डाँठ र लागेको फल सडेर जान्छ।

लामो समयसम्म हुस्सु र कुहिरो लागेर धेरै चिसो मौसम भइरहँदा ओसिलो जग्गामा गरिएको आलु गोलभैंडालगायतको बालीमा डढुवा सङ्क्रमणको समस्या बढी देखिने गरेको कृषि प्राविधिक खगेन्द्रप्रसाद शर्मा बताउछन् । यसका लागि क्रिनोसिल गोल्ड, मेटाल्याक्जेल, एक्रोप्याट वा सेन्टिन नामको ढुसीनाशक विषादीको पाउडर प्रतिलिटर पानीमा डेढ ग्राम मिसाएर बनाइएको झोल एक हप्ताको फरकमा छर्किन सकेमा यो रोगबाट बाली बचाउन सकिने बताइएको छ।

रोग लाग्ने सम्भावना देखिएमा भने बोटमा तोकिएको मात्रामा 'मेन्कोजे' पाउडर पानीमा घोलर छर्किदा डढुवाको सङ्क्रमणबाट बाली जोगाउन सकिने बताइएको छ । डढुवा रोगको समस्या बढ्दै जाँदा कैलाली र कञ्चनपुर जिल्लाको ठूलो क्षेत्रफलमा गरिने तोरी बालीको क्षेत्रफल घट्दै गएको किसानको अनुभव छ । ढुसीको सङ्क्रमण तोरीबालीमा पनि असर पुऱ्याउने गरेको छ।

डढुवा रोगको समस्या बढ्दै जाँदा तोरी खेती गरिने क्षेत्रफल पहिलेको तुलनामा ह्वात्तै घटेको किसानको भनाइ छ। "विसं २०५४ सम्ममा आफ्नो दुई बिघाको पूरै खेतबारीमा तोरी लगाउँथ्यौँ", किसान वीरबहादुरले भने, "त्यसपछिका वर्षमा भने डढुवा रोगको समस्या बढ्दै जाँदा यो बाली लगाउन छाड्नुपऱ्यो।" पहिले गाउँमा हिउँदे याममा तोरी फुलेर हुने पहेँलपुर वातावरणले गाउँमा एकखालको रमाइलो हुने गरेको अनुभव उनको छ।

ढुसी रोगको समस्या बढ्दा तोरी बालीको विकल्पमा अधिकांश किसान धान र गहुँ खेती गरेर चित्त बुझाइरहेका छन् । छाडा छाडिएका पशु चौपायाले खेतबारीको बाली नष्ट गर्दा बाली जोगाउन किसानले अर्को समस्या बेहोर्नुपरेको छ। बर्सेनि मौसममा भइरहेको परिवर्तनका कारण चाहिएको समयमा वर्षा नहुने, वर्षा भएमा पनि बाढी र डुबानको ठूलो समस्या सिर्जना हुने, बेमौसमा चक्रवात र आँधीबेहरीको समस्या देखिने, बालीमा विभिन्न रोगको सङ्क्रमणको समस्याका साथै मित्रजीव भन्दा शत्रुजीवको समस्या बढ्न थालेको बताइन्छ।

# दूधमा अनुदान दिँदै भरतपुर महानगरपालिका

**टुडे समाचारदाता**

चितवनाभरतपुरमहानगरपालिकाले महानगरभित्रका पशुपालक १० हजार किसानलाई दूधमा अनुदान दिने भएको छ। गत वर्ष ६८ वटा सहकारी र १० वटा फार्ममार्फत दूध बिक्री गरेका ती किसानलाई रु छ करोड ३७ लाख अनुदान दिन लागेको हो । उनीहरुले दुई करोड १० लाख लिटर दूध बिक्री गरेबापत यो अनुदान पाउने छन्।




भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहाल पहिलोपटक निर्वाचित भएपछि दूधमा अनुदान दिन थालिएको हो । उनका अनुसार पहिलो वर्ष प्रतिलिटर २५ पैसा अनुदान दिइएको थियो। त्यसपछिका दुई वर्ष प्रतिलिटर रु एक र त्यसपछिका योसहित तेस्रो वर्ष प्रतिलिटर रु तीन अनुदान दिइँदै छ। गत वर्षको दूधको अनुदान रकम यो वर्ष दिइँदै छ। बजेटमा रु पाँच करोड ५० लाख दूधको अनुदानमा विनियोजन गरिएकामा अपुग भएपछि पूरक बजेटमार्फत रु ८७ लाख थप गरिएको प्रमुख दाहालले जानकारी दिए । उनका अनुसार यति ठूलो रकम दूधमा अनुदान दिने स्थानीय तह भरतपुर हो।

किसानलाई दूधमा अनुदान दिएसँगै दूध उत्पादन बढेको छ। अघिल्लो वर्ष दूधमा अनुदान रु पाँच करोड १० लाख दिइएको थियो । दूधको उत्पादन बढेसँगै अनुदान रकम थपिएको हो । उनले भने, "अन्य क्षेत्रसँगै कृषि र पशुपालनमा महानगरले प्राथमिकता दिएर काम गरिरहेको छ।"

महानगर उपप्रमुख चित्रसेन अधिकारीका अनुसार सहकारीमार्फत कृषकको बैंक खातामा अनुदान रकम पुऱ्याइनेछ। अनुदान पाउने भएसँगै कृषक उत्साहित भएको उनले बताए । उनले भने, "हामीले बाँड्ने रकम ठूलो छ। धेरै कृषक यसबाट लाभान्वित भएका छन्।" कृषि र पशुपालनमा कसरी राम्रो गर्न सकिन्छ भन्नेमा महानगर रहेको उनले जानकारी दिए।

महानगरका पशुसेवा शाखा प्रमुख श्यामराज देवकोटाका अनुसार सहकारी र फार्मबाट आवेदन आइसकेकाले माघको पहिलो सातादेखि अनुगमन थालिँदै छ। यससँगै प्रक्रिया अघि बढाएर वैशाखसम्ममा अनुदान रकम कृषकको खातामा पुऱ्याइने उनले बताए।

चालु आर्थिक वर्षमा महानगरपालिकाले कृषिमा अनुदानका लागि रु आठ करोड विनियोजन गरेको थियो । पूरक बजेटमार्फत रु ८७ लाख थप गरिएको हो । यससँगै महानगरपालिकाले माछा पोखरीमा विद्युत्को ५० प्रतिशत अनुदान दिँदै आएको छ । पशुचौपायलाई नाम्ले जुकाको औषधि निःशुल्क वितरण, घरमा गएर बाँझोपन परीक्षण, काउ म्याट वितरण, पशु स्वास्थ्य शिविर गर्दै आएको छ। निर्वाहमुखी कार्यक्रमअन्तर्गत, बाख्रा, बङ्गुर, कुखुरा, हाँसमा अनुदान दिँदै आएको छ।

# मादी नदीमा माछा संरक्षण योजना

**टुडे समाचारदाता**

दमौली । एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाले मादी नदी माछा संरक्षण योजना कार्यान्वयन गर्न सुरु गरेको छ। तनहुँको ऋषिङ गाउँपालिका-१ र व्यास नगरपालिका-५को सिमानामा पर्ने सेती नदीमा



आयोजनाले निर्माण गर्ने एक सय ४० मिटर अग्लो बाँधका कारण माछाको आवतजावत प्रभावित भई माछालाई क्षति पुग्ने भएकाले यसको परिपूर्तिका लागि मादी नदीमा माछा संरक्षण योजना सुरु गरिएको हो।

आयोजनाले निर्माण गर्ने बाँधका कारण सेती नदीको प्राकृतिक बहावमा अवरोध उत्पन्न भई मुख्यरुपमा त्यहाँ पाइने रैथाने असला र सहर प्रजातिका माछा जोखिममा पर्ने देखिएको छ । यसको क्षतिपूर्तिस्वरुप मादी नदीतर्फको प्राकृतिक बहावमा माछा संरक्षण योजना कार्यान्वयनमा ल्याइएको आयोजना प्रमुख राजभाइ शिल्पकारले जानकारी दिए । नेपालका रैथाने असला र सहरलाई लोपोन्मुख तथा सङ्कटापन्न माछाको प्रजातिका रुपमा लिइन्छ।

योजना मुख्यरुपमा सेती र मादी नदीको सङ्गमस्थलबाट मादीको माथिल्लो तटीय क्षेत्रमा कार्यान्वयन गरिने छ । योजना कार्यान्वयनका लागि मादी नदीको तटसँग जोडिएका तनहुँको व्यास तथा लमजुङको मध्यनेपाल नगरपालिका प्रमुख, कास्कीको मादी तथा रुपा गाउँपालिकाका अध्यक्षहरु, तनहुँ हाइड्रोपावर लिमिटेड र बोटे समाजको प्रतिनिधि रहने गरी माछा संरक्षण समन्वय समिति गठन गरिएको छ।

मादी नदीमा माछा संरक्षण गर्ने विषयमा स्थानीय पालिकाको साझा सरोकार र साझेदारीको विषय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाबमोजिम समिति गठन गरिएको हो । जलचर संरक्षण ऐन, २०१७ मा भएको व्यवस्थाबमोजिम माछा संरक्षण योजना व्यावहारिक रुपमा कार्यान्वयनमा ल्याइने छ।

माछा संरक्षण समन्वय समितिका संयोजक एवं व्यास नगरपालिका प्रमुख वैकुण्ठ न्यौपानेको अध्यक्षतामा बुधबार बसेको बैठकले असारदेखि भदौ महिनासम्म माछाको प्रजनन समय हुने हुँदा उक्त अवधिभर मादी नदीमा माछा मार्न प्रतिबन्ध लगाउन अनुरोध गर्ने निर्णय गरेको छ।

बैठकबाट मादी नदीमा माछा संरक्षणसम्बन्धी सचेतना कार्यक्रम स्थानीय एफएम रेडियो, टेलिभिजनजस्ता आमसञ्चार माध्यमबाट प्रसारण/प्रकाशन गर्ने र सार्वजनिक ठाउँमा सन्देशमूलक बोर्ड राख्ने निर्णय भएको छ।

व्यास -३, ४, ५, ६, ७ तथा १० नम्बर वडा, मध्य नेपालका वडा नम्बर ४, ५, ६, ७ तथा ८ नम्बर वडा, रुपा गाउँपालिका १, ३ तथा ७ नम्बर वडा र मादी गाउँपालिका ४, ५, ९, १०, ११ तथा १२ नम्बर वडालाई प्रभावित क्षेत्रमा मान्ने निर्णयसमेत बैठकले गरेको छ।

# कफीखेतीमा गवारोको प्रकोप

**टुडे समाचारदाता**

गुल्मी। चिसो मौसम सुरु भएसँगै गुल्मीमा कफीखेतीमा गवारोको प्रकोप देखिएको छ । गवारोका कारण किसानले लगाएका अधिकांश कफीका बोट मर्न थालेका छन् ।

चिसो मौसममा बढी मात्रामा तुसारो पर्ने र गवारो प्रकोप देखिने भएकाले किसानलाई कफीका बिरुवा र बोट जोगाउन समस्या भएको कफी विकास केन्द्र, आँपचौरका प्रमुख जीवन आचार्यले जानकारी दिएका छन् । कफीमा पर्याप्त मात्रामा छहारी नहुँदा चिसो मौसममा गवारोले आक्रमण गर्ने गरेको उनी बताउछन् ।

"तुसारो र गवारोबाट जोगाउन कफीका बिरुवा र बोटलाई छहारी दिने खालका रुख तथा बिरुवा लगाउनुपर्छ", प्रमुख आचार्यले भने।



कफीखेतीबाट मनग्य आम्दानी हुने हुँदा किसानले कफीखेतीलाई व्यावसायिकरूपमा अघि बढाउन थालेका छन् । स्थानीय पालिकाले पनि व्यावसायिकरूपमा कफीखेती गर्ने किसानलाई बिरुवामा अनुदान उपलब्ध गराउने नीति बनाएका छन् । तर छहारी र सिँचाइ अभावमा कफीका बिरुवा जोगाउन मुस्किल भएको किसानको गुनासो छ।

रुरुक्षेत्र गाउँपालिका-१ अन्तर्गत भङ्कुवाकी मना भट्टराईले चिसो मौसम सुरु भएपछि कफीका बिरुवा मर्ने र फल्ने समयमा सेतो गवारोले सताउने गरेको बताए। तुसारो र छहारीको समस्याका कारण अधिकांश कफीका बोटमा पात पहेँलो हुने र बोट विस्तारै सुक्दै जाने समस्या देखिएको उनको भनाइ छ।

लामो समयदेखि व्यावसायिकरूपमा कफीखेती गर्दै आएका मुसिकोट नगरपालिका-३ का पदमपाणि घिमिरेको समस्या पनि भट्टराईको जस्तै छ । उनको बगैँचामा अहिले सात सयभन्दा बढी कफीका बोट छन् । कफी बगैँचामा गवारोको प्रकोप देखिन थालेपछि घिमिरले प्राविधिकलाई समस्याबारे जानकारी गराएको बताए।

जिल्ला सदरमुकाम र स्थानीय पालिकामा आयोजना हुने कफीका कार्यक्रममा अधिकांश कफी किसानले गवारो कफीखेतीका लागि मुख्य समस्या भएको भन्दै गुनासो गर्ने गरेका प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना गुल्मीका प्रमुख गङ्गाकुमारी पोखेलले जानकारी दिए। केन्द्रले जिल्लामा कफीखेतीबाट कसरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिन्छ भनेर किसानलाई बिरुवामा अनुदानका साथै प्राविधिक ज्ञान र सीप उपलब्ध गराउँदै आएको छ।

किसानले गरेको मेहनतको आधारमा कफीबाट सोचेजस्तो प्रतिफल हात पार्न नसकेको कृषि ज्ञान केन्द्रका प्रमुख नवराज भण्डारीले बताए । कफी किसानले कफीका बिरुवामा अनुदान दिनुभन्दा बरु एउटा ज्यामी बराबरको पारिश्रमिक उपलब्ध गराउनुपर्ने माग गर्दै आएका छन्।

गुल्मीमा हाल दुई सय ४१ हेक्टर क्षेत्रफलमा कफीखेती गरिएको छ। यस वर्ष जिल्लामा ३० मेट्रिक टन कफी उत्पादन भएको छ। जिल्लामा फ्रेसचेरी कफीको मूल्य प्रतिकिलो रु एक सय, ड्राइचेरीको रु एक सय ५० र पार्चमेण्ट कफीको मूल्य प्रतिकिलो रु पाँच सय रहेको छ।

पछिल्लो समयमा गुल्मीमा कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत कफी सुपरजोन, कफी विकास केन्द्र आँपचौर, कफी अनुसन्धान केन्द्र भण्डारीडाँडालगायत स्थानीय तहले समेत जिल्लामा कफीको अनुसन्धानसँगै कफीखेती विस्तारमा काम गर्दै आएका छन् । जिल्लामा एक हजार आठ सयभन्दा बढी किसान र विभिन्न सङ्घसंस्था कफीखेतीमा संलग्न रहेको बताइएको छ।

# वनस्पतिबाट साबुन बनाउने उद्योग सञ्चालन

**टुडे समाचारदाता**

धरान। धरानकी मनिता घिमिरेले तितेपाती, निम, घिउकुमारी, बकाइनोजस्ता वनस्पतिबाट साबुन बनाउने घरेलु उद्योग सञ्चालनमा ल्याएकी छन्। उनले उत्पादित साबुन मेला, महोत्सव, प्रदर्शनी लगायत अन्यत्र बिक्री गर्दै आएकी छन्। उनले भने"अनलाइनबाट पनि राम्रो बिक्री भइरहेको छ। अर्ग्यानिक सामान पाइने पसलमा पनि साबुन बिक्री हुन्छ।"



नेपाली विषयमा स्नातकोत्तर गरेकी घिमिरे पहिल्यैदेख अन्यत्र रोजगारी खोज्नुभन्दा आफैँ केही गर्नुपर्छ भन्ने सोचमा थिईन्। उनले भने "केही वर्षअघि काठमाडौँको ठमेलमा विदेशीले प्राकृतिक साबुन खोजी गरेपछि यसको महत्व बुझेँ। ठमेलमै एक जना विदेशीबाट साबुन बनाउने तालिम पनि लिए। यसरी सिकेको सीप खेर जान दिनुहुँदैन भनेर त्यसलाई व्यवहारमा उतार्न थाले।"

विगत छ वर्षदेखि धरान-१५ स्थित आफ्नै घरमै साबुन उद्योग सञ्चालन गरिरहेकी उनी रु ५० हजार लगानीमै साबुन उत्पादन सुरु गर्न सकिने बताउनुहुन्छ। थोरै लगानीबाट धेरै आम्दानी गर्न सकिने उनको भनाइ छ। "मैले त छ वर्षअघि रु २५/३० हजार लगानीबाट सुरु गरेकी थिएँ। यसबाट सोचेभन्दा राम्रै फाइदा भयो", उनी भन्छिन्, "अहिले सामाजिक सञ्जालबाटै धेरै माग आउँछ। पसलबाट पनि माग आउँछ। साबुनबाटै आफूलाई चाहिने खर्च पूरा गरेकी छु।"

उनले पछिल्लो समय महिलालाई साबुन बनाउने तालिम पनि दिँदै आएका छन्। उनले उदयपुरको गढी गाउँपालिका, सुनसरीको इटहरी उपमहानगरपालिकालगायत स्थानमा तालिम सञ्चालन गरिसकेका छन्। उनी भन्छन्, "आफ्नै गाउँघरमा पाइने वनस्पतिको प्रयोग गरेर साबुन बनाउँदा देशको पैसा बाहिरिन पाउँदैन। यसबाट उपभोक्तादेखि देशसम्मलाई फाइदा हुन्छ।" फुर्सदको समय सदुपयोग गरेर साबुन बनाई आम्दानी गर्नसक्ने उहाँको बुझाइ छ। यसका लागि घर परिवारको साथ र स्थानीय सरकारले सहयोग गरे धेरै महिला घर बसेरै स्वरोजगार बन्न सक्ने उनको धारणा छ।

"थोरै खर्चमा सुरु गर्न सकिने यस्तो व्यवसायका लागि स्थानीय तहमा वडा कार्यालयले पनि विपन्नलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गर्न सक्छन्", उनी भन्छन्, "हेर्दा सामान्य कामजस्तो लागे पनि यसबाट एकातिर बेरोजगारले रोजगार पाउँछन, स्वास्थ्यका लागि पनि फाइदाजनक छ । साबुनका नाममा बाहिरिने रुपैयाँ पनि कम गर्न सकिन्छ।"

**मधेश प्रज्ञा प्रतिष्ठान**

**मधेश प्रदेश, जनकपुधाम**

**अनुसन्धान प्रस्ताव आव्हान सम्बन्धी सूचना**

मधेश प्रज्ञा प्रतिष्ठानले यस आ.व. २०८०/०८१ मा निर्धारित कार्यक्रम अन्तर्गत भाषा, साहित्य, संस्कृति, कला, गीत-संगीत एवं नाटकको क्षेत्रमा मधेश प्रदेशको अवस्था संग सम्बन्धित लघु अनुसन्धान कार्य प्रारम्भ हुने भएकोले उपलब्ध गराउन सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. प्रस्ताव कार्यालयमा उपलब्ध गराउँदा सम्बन्धित विभाग प्रमुख कहाँ प्रस्तुत गर्नु पर्नेछ।
२. लेखन भाषा नेपाली हुनेछ।
३. अन्य जानकारी प्रस्ताव स्वीकृत भएपछि गरिने सम्झौता पत्रमा उल्लेख भए अनुसार हुनेछ।
४. कसै संग उपर्युक्त विषयमा लेखिएका अनुसन्धानमूलक पाण्डूलिपि छ भने पाण्डूलिपि पनि बुझाउन सकिन्छ। विज्ञहरुद्वारा पाण्डूलिपि परिक्षण गराई प्रकाशन योग्य भएमा प्रकाशित गरिनेछ।
५. कुनै अन्य थप जानकारी चाहेमा प्रतिष्ठानका फोन नम्बरहरु ९८५४०२९५७९, ०४१-५९१७९१ मा सम्पर्क गर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# मन्त्रीद्वयलाई लिखित जवाफका लागि समय



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका अर्थमन्त्री संजयकुमार यादव र उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री सुनिता यादवलाई विशेष संसदीय छानबीन समितिले फेरि समय दिएको छ।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री सुनीता यादवले आफूलाई सोधिएको प्रश्नावलीसहितका आरोपहरु नबुझेपछि उनलाई बुँदागतरुपमा उपलब्ध गराएर बुँदागतरुपमै जवाफ लिने भएको छ । भने अर्थमन्त्री संजयकुमार यादव भने माघ ३ गतेपछि लिखित जवाफ बुझाउने भएको छ।

विशेष संसदीय छानबीन समितिले केही साता अघि मन्त्रालयको शीर्षक अन्तर्गतको रकम जथाभाविरुपमा रकमान्तर गरेको भन्दै के, कति, कारणले रकमान्तरण गरी अनियमितता भए नभएको भन्दै अर्थमन्त्री संजयकुमार यादव र उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री सुनिता यादवलाई सोधपुछका लागि बोलाएको थियो।

तर अर्थमन्त्री यादवले भने आफू माघ ३ गतेसम्म व्यस्त रहेको जानकारी विशेष संसदीय छानबीन समितिको बैठकमा उपस्थित भएर बताएका थिए।

त्यस्तै उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री सुनिता यादवले बुँदागतरुपमै आफूलाई प्रश्नहरु उपलब्ध गराउन आग्रह गरेपछि उनलाई पनि बुँदागतरुपमा प्रश्न उपलब्ध गराउने भएको छ।

विशेष संसदीय छानबीन समितिका सभापति उपेन्द्र महतोले अर्थमन्त्री माघ ३ गतेसम्म व्यस्त रहने भनेपछि उनलाई माघ ४ गतेसम्ममा लिखित जवाफ उपलब्ध गराउन निर्देशन दिएको बताए । उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री यादवलाई समेत बुँदागतरुपमा प्रश्नहरु उपलब्ध गराउने उनले बताए।

उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री सुनिता यादवले भने आफूलाई के कति सम्बन्धि सोधिएको छ, सोबारेमा आफू असमञ्जसमा परेको भन्दै उनले आग्रह गरेपछि उनलाई बुँदागतरुपमै रकमान्तरणसहितका बारेमा स्पष्टीकरण सोध्ने सभापति महतोले बताए।

आर्थिक वर्ष ०७९/०८० को मसान्तमा आएर जथाभावीरुपमा उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको शीर्षकसहितको रकम अर्थ मन्त्रालय मार्फत रकमान्तरण गरेर अनियमितता गरेको देखिएको भन्दै अर्थमन्त्री यादव र उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री यादवमाथिसमेत छानबीन गर्नका लागि विशेष संसदीय छानबीन समिति नै गठन गरिएको छ।

# जसपा महाधिवेशन जेठ अन्तिममा

## सरकारप्रति संयमित, प्रदेशको अधिकार दिन जोड

**टुडे समाचारदाता**

काठमाण्डु ।सत्ता साझेदार जनता समाजवादी पार्टी(जसपा)ले जेठ महिनाको अन्तिम हप्तामा महाधिवेशन गर्ने निर्णय गरेको छ।

पार्टीको राजनीतिक समितिको विहिवार सम्पन्न बैठकले महाधिवेशन जेठ महिनाको २७,२८ र २९ गते गर्ने निर्णय गरेको राजनीतिक समितिका सदस्य एवं पूर्व मन्त्री हरीनारायण यादवले जनाएका छन्।

महाधिवेशन काठमाण्डुमा गर्ने र तयारीका लागि बिभिन्न समितिहरु बनाउने निर्णय भएको नेता यादवले बताए।

राजनीतिक समितिले गरेको निर्णयलाई शुक्रवार बस्ने केन्द्रिय समितिको बैठकले अनुमोदन गरेपछि महाधिवेशनको तिथि सार्वजनिक गरिने उनले बताए।

लामो समयदेखि जसपाको अधिवेशन हुन सकेको छैन् ।बिभाजन भएदेखि महाधिवेशन गर्न नसकेको जसपाले पहिलो पटक नयाँ विधान अनुसार महाधिवेशन गर्न लागेको हो।

राजनीतिक समितिको बैठकमा वरिष्ठ नेता राजेन्द्र श्रेष्ठले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदन उपर व्यापक छलफल भएको सहभागिहरुले जनाएका छन् ।श्रेष्ठले तयार गरेको प्रतिवेदनमा संघीय सरकारले १ वर्षमा गरेका कामहरुलाई प्रशंसा गरिएपनि संघीयतालाई संस्थागत गर्न प्रदेशलाई दिनैपर्ने अधिकार नदिएको उल्लेख गरिएको छ।



महाधिवेशनभन्दा अगाडि पालिकादेखि प्रदेशसम्मको अधिवेशन सम्पन्न गर्नुपर्ने तथा निर्वाचित समितिको अभिलेख केन्द्रीय संगठन विभागमा पठाउनुपर्ने राजनीतिक प्रतिवेदनमा उल्लेख गरिएको छ।

महाधिवेशनका लागि राजनीतिक प्रतिवेदन, नीति कार्यक्रम, आर्थिक प्रतिवेदनलगायतका दस्तावेजहरुको मस्यौदा गर्नुपर्ने साथै महाधिवेशनका लागि व्यवस्थापन, प्रचारप्रसार र आर्थिक कामलाई पनि व्यवस्थित गर्न समिति गठन गर्ने प्रस्तावलाई केन्द्रिय समितिबाट अनुमोदन गराइने बताइएको छ।

राष्ट्रिय सभाको निर्वाचन, केन्द्रीय विभाग तथा संयन्त्रको जिम्मेवारीलगायतका विषयमा बैठकमा छलफल भएको छ।

जसपाको नयाँ विधान अनुसार केन्द्रिय समितिका लागि तल्लो निकायबाट नै चुनिएर जानुपर्ने प्रावधान छ ।पार्टीको अधिकांश पद लोकतान्त्रिक बिधिबाट पूर्ती गरिने र तल्लो निकायबाट छनौटमा पर्न नसक्ने नेतालाई केन्द्रिय समितिमा अवसर प्राप्त नहुने देखिएको छ।

मधेश केन्द्रित दल भएको दावी गरेपनि जसपाले आफ्नो गतिबिधिलाई संघीय राजधानी केन्द्रित बनाउन थालेको छ ।महाधिवेशनपनि काठमाण्डुमा नै गर्ने गरेको निर्णयप्रति कतिपय नेताहरु सन्तुष्ट देखिएका छैनन्।

संविधान जारी भएको ८ बर्ष बितिसक्दा पनि अझै संघीय निजामती ऐन, स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र तथा बिशेष क्षेत्र सम्बन्धि ऐन जारी नभएको र प्रदेश प्रहरी ऐन बने पनि समायोजनको काम हुन नसकेको अध्यक्ष उपेन्द्र यादवले बैठक समापन गर्ने क्रममा बताएका हुन्।

संघीय शिक्षा ऐन प्रतिनिधि सभामा दर्तासम्म भएको छ। त्यसरी नै संघीय मामिला प्रशिक्षण प्रतिष्ठान विधेयक, प्राविधिक शिक्षक तथा व्यावसायिक तालिम विधेयक, उच्च शिक्षा सम्बन्धि विधेयक लगायत केही ऐनहरू पाइपलाईनमा भएपनि दर्ता भएका छैनन। त्यसैले सरकारले संविधान बमोजिम बन्न बाँकी कानुनहरू यथासिघ्र बनाउने र प्रदेशहरूलाई हस्तान्तरण गर्नुपर्ने प्रदेश प्रहरी, निजामती कर्मचारी तथा जिल्ला कार्यालयहरू हस्तान्तरण गर्ने काम सरकारले तदारुकताका साथ गर्नुपर्नेमा उनले जोड दिएका छन्।

यी कामहरू हुन नसक्दा प्रदेशहरूले प्रभावकारी ढङ्गले काम गर्न नसकेकाले नै जनतामा प्रदेश नै चाहिँदैन कि भन्ने प्रभाव पर्दै गएको उनले बताए । यस सम्बन्धमा प्रदेशहरूको प्रतिनिधित्व गर्ने संघीय संसदको रूपमा रहेको राष्ट्रिय सभाले गठन गरेको संघीययता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय बिशेष समितिले दिएको प्रतिवेदनलाई कार्यान्वयन गर्नुपर्नेमा उनले जोड दिएको बैठकमा सहभागि एकजना सदस्यले बताए।

संघीय लोकतान्त्रिक गणतन्त्रका पक्षधर सबै शक्तिहरूसँग जनक्रान्तिबाट प्राप्त उपलब्धिहरूलाई रक्षाका लागि अहिलेको गठबन्धन भन्दा प्रगतिशील गठबन्धन नेपालमा अब बन्न नसक्ने अवस्था रहेपनि त्यसअनुसारको कार्य गर्न नसक्नु भनेको देश र जनताप्रति जिम्मेवार हुने कि नहुने गम्भीर चिन्ताको बिषय बनेको अध्यक्ष यादवले बताए।

एकातिर बिभिन्न देशमा चल्दै गरेको युद्धका कारण हाम्रो देशमा आर्थिक संकटको चपेटामा परेको र अर्कोतिर यथास्थितिवादी शक्तिहरू सक्रिय भई देशलाई द्वन्द्वमा फसाउने षडयन्त्रमा लागेकाले पार्टीका नेताहरु सचेत भएर भ्रमलाई चिर्न लाग्नु पर्ने उनले बताए।

# ताल्चा नखुल्दा कामकाज प्रभावित

**टुडे समाचारदाता**

गौर । विगत एक सातादेखि रौतहटको गरुडा नगरपालिकाको कार्यालयमा लगाइएको ताला अझै खुल्न सकेको छैन । नगरपालिका कार्यालयमा ताल्चा लगाइएका कारण सेवाग्राहीहरुको कामकाज पूर्ण रुपमा प्रभावित हुँदै आएको छ।

गरुडा नगर उपप्रमुख पुनमदेवी चौधरी सहित ६ जना वडा अध्यक्षहरुले विभिन्न माग राख्दै गत शुक्रवारदेखी नगरपालिका कार्यालयको मुलगेटमा तालाबन्दी गरी धर्नामा बस्दै आएको कारण कार्यालयबाट प्रदान गरिने सम्पूर्ण सेवाहरु ठप्प हुँदा नगरवासी समस्यामा परेका छन्।



करारका कर्मचारीलाई बाँकी रहेको तलब दिनुपर्ने, कार्यपालिकाको नियमित बैठक बोलाउनु पर्ने, नगरसभाका निर्णयहरु कार्यपालिका बैठकमा सार्वजनिक गर्नुपर्ने, गत आर्थिक वर्ष र यस चालू आर्थिक वर्षको सम्पुर्ण खर्चहरु कार्यपालिका बैठकमा पेश गर्नुपर्ने, नियुक्त गरिएका करारका कर्मचारी खारेज गर्नुपर्ने र प्रत्येक वडामा समान स्तर बजेट बिनियोजन गर्नुपर्ने माग गर्दै उनिहरु आन्दोलनमा उत्रेका छन्।

जनप्रतिनिधिहरुले कार्यालयमै ताल्चा लगाएर आन्दोलनमा उत्रेका कारण सेवा लिन कार्यालय जाने सेवाग्राहीहरु सेवा नलिइ रितै हात घर फर्किन बाध्य भइरहेका छन्।

जनप्रतिनिधिहरुले पालिकामै ताला लगाएर आन्दोलन गरी आफुहरुलाई सेवा लिनबाट बञ्चित गरेको र अनावश्य दुख दिने काम गरेको स्थानीयहरुले बताएका छन्।

जनप्रतिनिधिबीचको आपसी द्धन्द्ध, विवाद, मनमुटाव र कटरावका कारण कार्यालय बन्द रहदा कार्यालयबाट सेवा लिन नपाएर आफुहरु पीडित भएको सेवाग्राहीहरुको गुनासो छ।

वडा अध्यक्षहरुले एक करोड रुपैयाँ बजेट मागेको र आफुले त्यति रकम दिन नमानेपछि उनिहरुले पालिका कार्यालयमा तालाबन्दी गरि जनतालाई दुख दिने काम गरेको गरुडा नगरपालिकाका मेयर कन्थमनी प्रसाद जयसवालले बताए । वार्ताद्धारा आफु समस्या समाधान गर्न तयार रहेको भएपनि उनिहरुले वार्तामा आउनै नचाहेको मेयर जयसवालले गुनासो गरे।

आन्दोलनका कार्यक्रम फिर्ता लिएर वार्तामा आउन आफुले पटक पटक आग्रह गर्दा पनि उपमेयर पुनमदेवी सहित आन्दोलनरत वडा अध्यक्षहरुले वार्तामा आउन तयार नभएको मेयर जयसवालले बताए।

मेयर जयसवालले वार्ता मार्फत समस्याको समाधान खोजिरहेका छन भने आन्दोलनकारीहरुले माग पुरा गर्ने ठोस आधार वा लिखित रुपमा सहमति गरेपछि मात्र वार्तामा जाने अडान लिएका छन्। दुबै पक्ष अ आफनै अडानमा कायम रहेकाले सहमति हुन सकिरहेको छैन।

आफना निहीत स्वार्थ पुरा नहुँदा जनप्रतिनिधिहरुले आन्दोलन गरी आफुलाई बदनाम गराउने र असफल सावित गर्ने षडयन्त्र रचेको उनले बताए । जनताको कामकाजलाई कुनै ख्यालै नगरी उनिहरुले पालिका कार्यालयमा तालाबन्दी गरी धर्नामा बसेर पालिकालाई अस्तव्यस्त बनाएको उनले आरोप लगाए।

रौतहटका प्रमुख जिल्ला अधिकारी (सिडिओ) हिरालाल रेग्मीले कुनै पनि सरकारी कार्यालयमा तालाबन्दी गरी जनताको कामकाज प्रभावित गर्ने छुट कसैलाई नभएको बताएका छन्।

गरुडा नगरपालिका कार्यालयमा लगाइएको ताल्चा खुलाउने प्रयास आफुले गरिरहेको प्रमुख जिल्ला अधिकारी रेग्मीले बताए।

विगत एकहप्ता देखी सो कार्यालयमा ताला लगाइएको कारण उक्त कार्यालयबाट प्रवाह हुने सेवा लिनबाट आम नागरिक बञ्चित रहेकोले छिटोभन्दा छिटो तालाल खुलाएर आम नागरिकको कामकाजमा सहजता ल्याउने प्रयास गरिरहेको सिडिओ रेग्मीले बताए।

आन्दोलरत र मेयर दुबै पक्षसंग आफु निरन्तर संवादमा रहेको बताउँदै उनले गरुडा नगरपालिकामा लगाइएको ताला चाडै खुल्ने बताए।

# आर्थिक प्रतिवेदन पेश गर्न लेखा समितिको निर्णय



**टुडे समाचारदाता**

जनकपुरधाम । आर्थिक पारदर्शीता र सुशासन स्थापनाका लागि सम्बन्धित निकायमा देखिएको चरम अनियमितता र अपारदर्शी कामकारवाहीलाई निरुत्साहित गर्नका लागि सार्वजनिक लेखा समितिले मधेश प्रदेश सरकारसहितका निकायहरुसंग आर्थिक प्रतिवेदन माग गर्ने निर्णय गरेको छ।

मधेश प्रदेशमा देखिएको बेरुजुहरुलाई मध्यनजर गर्दै सार्वजनिक लेखा समितिले विगतदेखि नै मधेश प्रदेश सरकारदेखि सम्बन्धित निकायले गरेको आर्थिक कामकाजसहितको अहिलेसम्मको आर्थिक प्रतिवेदन माग गर्ने निर्णय गरेको छ।

मधेश प्रदेश सरकार अन्तर्गतका सबै मन्त्रालय र सम्बन्धित निकायहरुसंग विगत पाँच वर्षदेखिको आर्थिक गतिविधिसहितको प्रतिवेदन बुझाउन १५ दिनसम्मका लागि समय दिएको सार्वजनिक लेखा समिति सभापति मञ्जुकुमारी थापा मगरले जानकारी दिइन्।

सभापति थापाले भनिन्, ‘ गत आर्थिक वर्ष ०७५/०७६, ०७६/०७७, ०७७/०७८, ०७८/०७९, ०७९/०८० सम्मको आर्थिक वर्षको सबै प्रतिवेदन प्रदेश सरकार अन्तर्गतका सबै मन्त्रालय तथा सम्बन्धित निकायहरुसंग १५ दिनभित्रमा आर्थिक गतिविधिसहितका प्रतिवेदन पेश गर्नुपर्ने भनेका छौं।’

उनले अघि थप्दैं भनिन्, ‘ मन्त्रालयदेखि विभिन्न निकायले आर्थिक प्रतिवेदन बनाउनु अघि ड्राफ्ट गर्ने गर्छन्, त्यसपछि वार्षिक प्रतिवेदनमा समेटिएर आउँछ र त्यसमापनि त्यसको अन्मित प्रतिवेदनपनि हुन्छ, ती सबै प्रतिवेदन र महालेखा परीक्षक नियन्त्रकको प्रतिवेदनसमेत अध्ययन गरेर बेरुजु के कति कारणले हुन्छ, त्यसको अध्ययनसमेत गर्ने निष्कर्ष निकालेर हामीले अहिलेसम्मको सबै प्रतिवेदनहरु बुझाउनका लागि १५ दिनसम्मको समय दिने निर्णय गरेका छौं।’

# राई र यादव सम्मानित

**टुडे समाचारदाता**

राजविराज। २८ औं लोकेन्द्र स्मृति पत्रकारीता पुरस्कारबाट पत्रकार डम्बर राई सम्मानित भएका छन् । पत्रकार महासंघ शाखा सप्तरीद्वारा स्व.पत्रकार लोकेन्द्र बुढाथोकीको स्मृति एवम् सम्मानमा स्थापना गरिएको उक्त पुरस्कारबाट बिहीवार पत्रकार राई सम्मानित भएका छन्।



पुरस्कारको राशी ५ हजार ५ तथा कदरपत्र रहेको छ। यस्तै प्रेस स्वतन्त्रता सेनानी तथा आजको वातावरण दैनिकका सम्पादक बैजनाथ झाद्वारा स्थापित वातावरणीय पत्रकारिता पुरस्कार राससका राजविराज संवाददाता अरुण कुमार यादवलाई प्रदान गरिएको छ। पत्रकार महासंघ शाखा सप्तरीको सभाकक्षमा आयोजित एक समारोहबीच प्रमुख अतिथी मधेश प्रदेश आमसंचार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवलले पत्रकारद्वय राई र यादवलाई उक्त सम्मान प्रदान गरेका छन्।

विगत दुई दशक देखि पत्रकारीताको माध्यमले समाज उत्थानमा योगदान पुर्‍याए वापत उनीहरुलाई सम्मान गरिएको पुरस्कार छनौट समितिका संयोजक बैजनाथ झाले बताए।

पत्रकार महासंघ शाखा सप्तरीका अध्यक्ष श्रवण कुमार देवको अध्यक्षतामा आयोजित उक्त समारोहमा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य ललिता साह, पत्रकार महासंघका पूर्व अध्यक्षहरु बैजनथा झा, मुरली प्रसाद यादव, धिरेन्द्र प्रसाद साह, प्रेस काउन्सीलका पूर्व सदस्य एवं वरिष्ठ पत्रकार अनिलकुमार अनल, प्रेस काउन्सीका पूर्व सदस्य देवराम यादव, प्रेस युनियनका सभापति बिनयलाल कर्ण, प्रेस मञ्चका अध्यक्ष भुषण कुमार सिंह, प्रेस सेन्टरका अध्यक्ष दिनानाथ यादव, प्रेस चौतारीका अध्यक्ष डम्बर राई, समाजवादी प्रेस संगठनका सतिश कुमार दत्त, महासंघका सल्लाहकार मनोहर कुमार पोखरेललगायतले स्व. पत्रकार बुढाथोकीको जिवनी बारे प्रकाश गर्दै पुरस्कृत पत्रकार हरुलाई शुभकामना दिएका थिए।

सप्तरीलाई कार्यक्षेत्र बनाएर निर्भिक, निडर तथा निश्पक्ष पत्रकारिता गर्दै आएका बुढाथोकीको २९ वर्षअघि रहस्यमय मृत्यु भएको थियो । हालसम्म पनि उनको मृत्युको रहस्य भने खुल्न सकेको छैन् । तीनै स्व. पत्रकार बुढाथोकीको स्मृती एवं सम्मानमा पत्रकार महासंघ शाखा सप्तरीले प्रत्येक वर्ष उनको स्मृति दिवसको अवसर पारेर सप्तरीका पत्रकारलाई सम्मानित गर्दै आएको छ।

# प्रयोगविहीन सिँचाइको डिप ट्यूबवेल

**टुडे समाचारदाता**

ढल्केबर । धनुषाको बटेश्वर गाउँपालिकामा सिँचाइका लागि गाडिएका डिप ट्यूबवेल प्रयोगविहीन भएको छ । जमिन मुनिको पानी तानेर किसानको खेतबारीमा सिँचाइ सुविधा पुऱ्याउने भनेर तीन वर्षअघि गाडिएको १७ वटा डिप ट्यूबवेल प्रयोगविहीन भएका हुन्।



गाउँपालिकाको अढाई करोड रुपैयाँभन्दा बढी लागतमा पालिकाको विभिन्न स्थानमा डिप ट्यूबवेलहरू गाडिएको छ । ट्यूबवेल गाडिएको स्थानमा विद्युत् लाइन जडान नहुँदा सो ट्यूबवेलहरू सञ्चालनमा आउन नसकेको बटेश्वर गाउँपालिकाका अध्यक्ष रामअशिष महतोले बताए। उनले विद्युत् लाइन विस्तारको काम अगाडि बढाइएको भएपनि चालू आर्थिक वर्षमा ट्यूबवेल सञ्चालन ल्याउन नसकिने जानकारी दिए । उनले भने, “विद्युत विस्तारका लागि पालिकाले बजेट विनियोजन गरेको छ । टेण्डर प्रक्रिया पुऱ्याएर काम छिट्टै सुरु हुन्छ। तर, ट्यूबवेल सञ्चालनका लागि आर्थिक समस्या छ । ट्यूबवेल सञ्चालन गर्न समरसिवल मोटर, प्यानल, पाइप लगायत थुप्रै उपकरण खरिद गर्नुपर्छ । त्यसका लागि पालिकामा बजेट छैन।“

चालू आर्थिक वर्षमा विद्युत विस्तारको काम सम्पन्न गरेर आउँदो आर्थिक वर्षमा ट्युबवेल सञ्चालनको प्रक्रिया अगाडि बढाउने अध्यक्ष महतोले बताए।

यता, डिप ट्यूबवेल गाड्ने बेला निकै खुसी देखिएका बटेश्वर गाउँपालिकाका किसान ट्यूबवेल सञ्चालनमा नआउँदा निराश भएका छन् । वर्षौंदेखि सिँचाइ समस्या झेल्दै आएका यहाँका किसान यसपालि हिउँदे वर्षा नहुँदा झन् निराश बनेका छन्।

सिँचाइ अभावकै कारण खेतबारीबाट पर्याप्त उत्पादन लिन नसकेको स्थानीय किसान रामनारायण साहले बताए । “ट्युबवेल गाड्दाको अवस्थामा निकै खुसी लागेको थियो,” उनले भने, “तर खुसी धेरै दिन टिक्न सकेन । न ट्यूबवेल सञ्चालनमा आयो न त खेतबारीमा सिँचाइ भएको छ।” उनका अनुसार ट्यूबवेल सञ्चालनमा आयो भने बटेश्वर गाउँपालिकाको एक हजारभन्दा बढी खेतबारीमा सिँचाइ गर्न पुग्छ । अर्का किसान राजलाल महतोले सिँचाइ अभाव र वन्यजन्तुको उपद्रोले यहाँका किसान विस्थापित हुने सङ्घारमा पुगेको बताए। उनले सक्दो चाँडो सिँचाइ व्यवस्था र वन्यजन्तुको नियन्त्रण हुनुपर्ने जानकारी दिए।

उनले भने, “सिँचाइ समस्याले खेतबारीबाट मनग्य आम्दानी लिन सकेका छैनौं भने अलिअलि फलेका अन्न तथा तरकारी बाली बाँदर, निल गाई र बँदेलले नष्ट गरिदिन्छ। हामी किसान निकै मर्कामा परेका छौं।“

सूचना

यस धनुषा निर्माण व्यवसायी संघको १६ औं साधारण सभा मिति २०८०।०९।२८ गते शनिबारका दिन हुने भएका हुनाले सम्पूर्ण निर्माण व्यवसायी सदस्य ज्यूहरुले यसैलाई सूचना मानि उपस्थित भई दिनु हुन हार्दिक अनुरोध गर्दछौं।

स्थान :- महेन्द्र नारायण निधी, मिथिला साँस्कृतिक केन्द्र, तिरहुतिया गाछी, जनकपुरधाम

समय :- बिहान ९:०० बजे

मिति :- २०८०।०९।२८ गते शनिबार

रमेश कुमार यादव
महासचिव

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८